CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुञ्जन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५१ औं
राष्ट्रिय प्रजातन्त्र दिवस
को
शुभ-उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

कर्मा घले
मेनेजिङ्ग डाइरेक्टर
सुमी डिष्ट्रिलरीज् प्रा. लि. परिवार
मुकुन्दपुर गा.वि.स. बेल्डिया, नवलपरासी
सम्पर्क फोन नं. ४२६१०७, फ्याक्स ४२५९५१

पिउनु नै छ भने यस डिष्ट्रिलरीज्बाट
उत्पादित मदिरा पिएर आनन्द लिऔं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुञ्जन

त्रैमासिक

(साहित्यिक, आर्थिक, मनोरञ्जनात्मक एवं विविध सामग्रीयुक्त पत्रिका)

वर्ष ४ अंक ४ २०५७ फागुन

साहित्यक अंक

प्रकाशक / सम्पादक

रविन्द्र श्रेष्ठ

तेर्सापट्टी, पोखरा

फोन नं. ०६१-२३५८४

कार्यालय

घट्टेकुलो, काठमाडौं, नेपाल

फोन : ४-३४४४५

पो. व. नं. : १३९६७, काठमाडौं ।

सहयोग

एक प्रतिको रु. ३०।-

आजीवन रु. १०००।-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशित प्रति : ५०००
कम्प्युटर टाइपसेटिङ्ग : कान्तिपुर कम्प्युटर सर्भिस्, पुतलीसडक ।
फोन : २४४२४२
आवरण : दुर्गा वराल

मुद्रण :

रोशन अफसेट प्रिन्टर्स, कोटेश्वर, काठमाडौं
फोन नं. :- ४८१४३३

अनुरोध

- स्तरीय कथा, लघुकथा, कविता, गीत, गजल, मुक्तक, नाटक, कला, संस्कृति, इतिहास, स्वास्थ्य, खेलकुद, चुट्किला, हास्यव्यंग्य, आर्थिक लेख, समालोचना, राजनैतिक तथा अन्य मनोरञ्जनात्मक विविध लेख रचनाहरूको "गुञ्जन" हार्दिक स्वागत गर्दछ ।
- लेख/रचनामा अभिव्यक्त विचारप्रति स्वयं जिम्मेवार हुनुपर्ने हुँदा आफ्ना रचनाहरूप्रति गम्भीर हुन अनुरोध गरिन्छ ।
- लेख/रचना टाइप गरिएको वा स्पष्ट अक्षरमा कागजमा एकापट्टि मात्र लेखिएको हुनुपर्छ । फोटोकपी गरिएको वा कार्वन कपिको रचनालाई स्वीकृत गरिने छैन ।
- अस्वीकृत लेख/रचना फिर्ता गरिने छैन ।
- आफ्नो रचना पठाउँदा सकेसम्म पि. पि. वा अटो साइजको तस्वीरसमेत पठाउनुहुन अनुरोध गरिन्छ ।
- स्वीकृत स्तरीय रचनाहरूको पारिश्रमिक आजीवन सदस्य शुल्कमा परिणत गरिनेछ ।

तपाईंले गरेको धुम्रपानले तपाईं आफूलाई मात्र हैन, तपाईंका वरपरका एवं गर्भमा रहेकालाई समेत हानी हुने हुनाले धुम्रपान त्यागी स्वस्थ्य जीवन बिताऔं र बिताउन दिऔं ।

-गुञ्जन परिवार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पादकीय

राष्ट्रिय पर्वको सम्मान गरौं

फागुन ७ गतेलाई नेपालीहरूको राष्ट्रिय पर्वको रूपमा स्वीकार गरिएको छ । एक सय चार वर्षसम्मको अन्धकारमय जहाँनिया एकतन्त्री शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना भएकै कारणले मात्रै उक्त दिनलाई राष्ट्रिय पर्व मानिएको होइन । देश र जनताका भलाईका लागि सदा समर्पित रहने नेपालको शाहवंशयि परम्पराका अनुयायी श्री ५ त्रिभुवले आफ्नो गाथ, गद्दीको समेत परवाह नगरी नेपाली कांग्रेसले आह्वान गरेको क्रान्तिप्रति सदासयता व्यक्त गरिवक्सेको हुँदा राजा एवं नेपाली कांग्रेसको संयुक्त प्रयासवाट नेपालमा प्रजातन्त्रको स्थापना भएको कारणले पनि उक्त दिन राष्ट्रिय पर्व भएको हो । यसर्थ उक्त दिन श्री ५ त्रिभुवन जयन्तीको रूपमा समेत हर्षोल्लासकासाथ मनाइने गरिएको छ । यस पावन पर्वमा हामी प्रजातन्त्रप्राप्तिका लागि सहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जजी अर्पण गर्दै राष्ट्रिय प्रजातन्त्र दिवसले सम्पूर्ण नेपालीहरूलाई आफ्नो राष्ट्र, कला, संस्कृति, साहित्यप्रति सधैं सचेत रहने प्रेरणा प्रदान गरोस् भन्ने कामना व्यक्त गर्दछौं ।

❀❀❀ ❀❀❀ ❀❀❀

कला, संस्कृति र साहित्य कुनै पनि राष्ट्रको ऐना हो । देशको राजनीतिक, सामजिक एवं अन्य सम्पूर्ण क्षेत्रहरूको प्रतिविम्बलाई कला, संस्कृति र साहित्यले उजागर गरेको हुन्छ । समृद्धशाली देशका हरेक पक्षहरू समृद्ध देखिंदै गएका हुन्छन् र विसंगती, विकृति देखापर्ने वित्तिकै कला, संस्कृति र साहित्यका स्रष्टाहरू जुर्मुराउन थाल्दछन् । जब कुनै राष्ट्रको कलाकारको कुचीले हत्या, आतङ्क, गरीवी र लुटपाट जस्ता स्थितिहरूको चित्र कोर्न थाल्छ तब सम्फे हुन्छ, त्यो देश त्यस्तै स्थितिबाट गुज्रँदै छ । गरीबी, उत्पीडन, कुण्ठा र सामाजिक सन्त्रासले गाजेको समाजमा बस्ने कविले के सँधै राष्ट्रियता र देशप्रेमको कविता एवं गीत मात्रै लेखेर बस्न सक्छ ? हामीलाई हाम्रा स्रष्टाहरूले वर्तमान सन्दर्भमा देशको हरेक विसंगतीको उजागर गर्दै कथा, कविता लेखेकोमा कुनै आश्चर्य लागेको छैन । साँच्चै भन्ने हो भने ०४६ सालपूर्व पञ्चायतीकालको वर्वर युगमा लेखिएका रचनाहरू र ०४८ सालपछि लेखिएका अधिकांश रचनाहरूको तात्त्विक भिन्नता के छ ? विम्व र प्रतिकमा मात्र फरक देखिएको होला । यसको अर्थ प्रजातन्त्रको पुनर्वहाली पश्चात राष्ट्रले विसंगती र विकृती मात्र जन्माएको छ भन्ने चाहिं होइन । यसर्थ, नेपाली वाङ्मयका सम्पूर्ण स्रष्टाहरूलाई हामी साधना र ज्ञानरूपी हतियारले किकृती र विसंगतीहरूको जालोलाई निरन्तर चिर्दै कहि कतै सुकर्मका आलोकहरू देखिएका छन् भने त्यसलाई समेत उजागर गर्ने कार्यमा समर्पित रहन आह्वान गर्दछौं ।

धन्यवाद ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठक प्रतिक्रिया

"गुञ्जन" पूर्णाङ्क–१४ पनि विविध मीठा खुराकसाथ आएको रहेछ । सम्पादकीयको दोस्रो अनुच्छेद ओजस्वी, मननीय लाग्यो ! १५ औं अङ्क भर्खर हात पर्दैछ ।

नेत्र बुढाथोकी, 'सुस्केरा'
बिर्तामोड, झापा ।

"गुञ्जन" पूर्णाङ्क–१५, पहिलाको तुलनामा कमपेजको भएपनि पठन एवं मनन गर्न योग्य लेख रचनाहरू पाइयो । गुञ्जनले साहित्यिक अङ्क निकाल्न छोडेको जस्तो लाग्यो । सम्भव भएमा वर्षको एक अङ्क साहित्यिक अङ्क निकाल्न अनुरोध गर्दछौं ।

अलिशा, दुनिया र करुणा
भैरहवा, रुपन्देही ।

"गुञ्जन" सरसर्ती हेर्दा घाटा सहेर पनि साहित्य सेवा गरे जस्तो लाग्यो । यसले निरन्तरता पाइरहोस् भन्ने कामना गर्दछौं ।

दिनेश, मनोज र अनन्त भट्ट
महेन्द्रनगर, कञ्चनपुर ।

"गुञ्जन" मा क्याम्पसमा मिल्ने कोर्ष सम्बन्धी साहित्यिक तथा आर्थिक लेखहरू प्रकाशन भैरहेको पाउँदा ज्यादै खुशी लाग्यो । यसले निरन्तरता पाइर होस् भन्ने कामना गर्दछौं ।

किरण, रुपेश, अनिता, सुनिता
भरतपुर, चितवन

"गुञ्जन" साहित्यिक पत्रिकाले साहित्यमा टेवा पुऱ्याउँदै आइरहेकोले यो पाठकहरूको लोकप्रिय बन्दै निरन्तरता पाइरहोस् भन्ने कामना गर्दछु ।

अञ्जन घिमिरे
मकैसिङ्, गोरखा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस अंकका स्रष्टाहरू

सि.नं.	लेखक	पेज नं.	सि.नं.	लेखक	पेज नं.
(क)	कविता/गीत/गजल				
१.	डा. युवराज भट्टराई	१	२५.	नरेन्द्र घिमिरे	२४
२.	डा. मथुरा केसी	२	२६.	कृष्ण साहसी	२५
३	रेखा कौशल रेग्मी	२	२७.	रुद्र ज्ञवाली	२५
४.	गौरा रिजाल	३	२८.	अमोध काफ्ले	२६
५.	खुश्बूराज शाही	४	२९.	बाल मुकुन्द कार्की	२७
६.	कृष्ण कँडेल	५	३०.	दिलिप राई	२७
७.	गोविन्दराज विनोदी	७	३१.	लुमडी आचार्य	२८
८.	मन्दिरा कोइराला	७	३२.	कृष्णा पौडेल	२९
९.	राजेश्वर रेग्मी	८	३३.	पिताम्वर घिमिरे	२९
१०.	नरेन्द्रप्रसाद जोशी	९	३४.	सविन पौडेल	३०
११.	जगतराम राई	१०	३५.	देवेशप्रसाद लोहनी	३१
१२.	मधु प्यासी	११	३६.	सानु राजा श्रेष्ठ	३२
१३.	दुर्गा प्रसाद पोखेल	१२	३७.	बलदेव मजगैंया	च
१४.	दिल पौडेल	१२			
१५.	टी.एन.जोशी	१३	(ख)	कथा/नाटक/व्यंग्य/समालोचना	
१६.	लीलाराज दाहाल	१४			
१७.	राउत माइला	१५	१.	मधुवन पौडेल	३३
१८.	अकिदा पौडेल	१७	२.	देवेन्द्र गौतम	३८
१९.	ललिता दोषी	१८	३.	कुवेर लिम्बुखिम	३९
२०.	अशोक न्यौपाने	१९	४.	पदमराज जोशी	४१
२१.	मनोज़ न्यौपाने	२०	५.	अरुणबहादुर खत्री	४४
२२.	विभा अदिक्षित	२१	६.	गोपी सापकोटा	४५
२३.	राजन विक्रम थापा	२२	७.	शिव रेग्मी	५७
२४.	रमेशहरि ढकाल	२३	८.	नवराज कट्टेल	६०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीत

स्वागत गान

✍बलदेव शर्मा मजगैंया

शिरमा तिम्रो माछापुछ्रे,
छाती बनोस् फेवाताल ।
सबै मिलीजुली बनाऊ,
बी.पी. ले सोंचेको नेपाल ।[२]

स्वागत गर्छौं स्वागत गर्छौं पाहुनाहरूलाई जय नेपाल[३]

प्रजातन्त्र र समाजवादको,
बिगुल फुक्ने अग्रजहरू हो ।[२]
अन्याय शोषण विरुद्ध लड्ने,
क्रान्तिका बाहकहरूको ।

सम्भ बी.पी., गणेशमान सम्भ शहीहरूको बलिदान[२]

शिरमा तिम्रो ....
स्वागत गर्छौं ....

संकट आए टार्दै जाऊ,
मर्न नदेऊ भाईचारा ।[२]
"प्रजातन्त्र अमर रहोस्"
यही भन्छन् जनता सारा ।

यही हो युगको चाहना कहिल्यै नभ्कुकोस् यो हिमाल ।[२]
शिरमा तिम्रो ....
स्वागत गर्छौं ....

(नेपाली कांग्रेसको महाधिवेशन स्थल पोखरा रंगशाला (२०५७ माघ ६) मा भएको आमसभामा सांस्कृतिक उपसमितीको तर्फबाट नन्दकृष्ण जोशी, कमल न्यौपाने, ज्ञानु राणा, चन्द्रकला शाह र साथीहरूबाट गाइएको गीत, संगीत–भूपेन्द्र रायमाझी ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजल

✍डा. युवराज भट्टराई 'दीपज्योति'

सम्मान होइन शान फरक भयो
पैसाको बोट उम्रेपछि आन फरक भयो

पहिले खान्थे, साधा साधा पानी
रौनक बढेपछि, जलपान फरक भयो

साधारण थिए उनी गाऊँमा
शहरिया भएर, खानदान फरक भयो
साथी थियौं हामी, खेल्थ्यौं सँगसँगै
ठूला भएपछि, मैदान फरक भयो
उही मान्छे, हूबहू उही मुहार
हुँकार बढेर, जुँगातानफरक भयो
भुँडी बढेर गयो, गाला चिप्लो भयो
अव त उनको स्वागतगान फरक भयो

भाइ तिहारमा पनि दिदी भाइहरूमा
दक्षिणाको मोलमा सम्मान फरक भयो
परेवाका ती प्रेमी जोडीहरूमा
अभिमान बढेर ओछ्यान फरक भयो
दूधे बालक बबुरो, रोइरह्यो साझभर
पार्टीमा गएकी आमाको, शायद कान फरक भयो
सुनको सुनौलो, पहेंलो खेलमा
दुइ दिदी बहिनी कन्यादान फरक भयो
भगवान हुन् भने भगवान्पनि कस्ता ?
गरीब धनीका किन वरदान फरक भो ?

❁

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

पानी र आगो

✍डा. मथुरा के.सी

पानी र आगो आगो र पानी
पानीलाई वाष्पीभूत पार्छ आगो
हिउँलाई द्रवीभूत पार्छ आगो
तार पनि आगो सूर्यपनि आगो
पानीको रूप फेरिदिन्छ आगो
पानी र आगो, आगो र पानी
आगोलाई निष्क्रिय पार्छ पानी
हिमाल पनि पानी, समुद्र पनि पानी
पानी थुनेर नहर, नहरबाट बिजुली
बिजुलीबाट आगो, आगोबाट इन्धन
पानी र आगोको अनमोल बन्धन
पानी या आगो चलाउँछ इन्जिन
पानीबाट आगो, आगोबाट इन्धन ।

-काठमाडौं ।

गजल

गजल

✍रेखा कौशल रेग्मी

झुक्किएर अब तिम्रो दैलो ढक्ढक्याउने छैन
मनको बह पोखी व्यर्थै आँसु रित्याउने छैन ।
अरू हिसाब-किताब केही बाँकी रहे चुकाइलिनु
फेरी-फेरी माफी माग्दै तिम्लाई अल्मल्याउने छैन ।
भेंडासँगै भेंडा अनि बाखासँगै बाखा मिल्दा
बकुल्लो भै हंसराजको बीच्मा म आउनेछैन
नफर्काई एकोहोरो रोटी कैले पाक्दो हो र ?
भैगो मैले पनि यस्तै मायाँ अब लाउनेछैन
त्यो नजरमा बस्न खोज्थें बिझेछु म हेराइमा नै
आँखाभित्र धुलो बन्न अब त्यता धाउने छैन
झुक्किएर अब तिम्रो दैलो ढक्ढक्याउने छैन
व्यथा पोखी तिमीसामु आँसु रित्त्याउने छैन ।

-पुलाचौर म्याग्दी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

म, मेरो चाहना र श्रृजनाहरू

✍गौरा रिजाल

त्रसित सन्नाटालाई उधारेर
रातको उकुश-मुकुशले भागेकी,
उज्यालो परिवेशको खोजमा,
ख्यै ! कहाँनेर उभिएकी छु,
लाग्छ ! उस्तै छ परिवेश
कालो फैलिएको रात,
अनि ! त्यो रातभित्रै हराएकी म ।

रातको अँध्यारोले छोपेको छ,
हिमाल र गुलावी फूलहरू,
जुद्धै पूर्ववत् आँधिसँग
खोजिरहेछन्, श्वरङ्गीन रङ्गहरू,
लाग्छ ! वर्तमानमा मानवकर्महरू,
खोज्दै हराएकी म, जस्तै,
रङ्गको खोजमा हिमाल अनि फूलहरू ।

रङ्ग हेर्न लालयित आँखाहरू
अर्थपूर्ण बन्ने प्रयोगमा आवाज,
खुम्चँदै, फैलँदै, लुक्तै, देखिदै,
गोता नखाई हिंड्ने सुरमा,
सडक बनाउने धूनमा,
कालो चिरेर हेर्न कालिको मुहान
हिजो झैं व्यस्त छु
आज पनि,
म मेरा चाहना र श्रृजनाहरू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीत

गीत

खुश्बूराज शाही

कस्तो यो पाएछु मैले निरास पूर्ण जीवन
स्वर्ग र नर्क दुवैमा उपहासपूर्ण जीवन
अमूल्य जीवन-पथमा छन् जन्ती झैं मलामी मेरा
को बुझ्छ र व्यथा मुटुले मुटुलाई छामी मेरा
हरपल म पाउँछु सुस्त उदास पूर्ण जीवन
आफ्नो घर आफैंलाई विरान-विरान झैँ लाग्छ
नियास्रो, उराठलाग्दो सुनसान चिहान झैं लाग्छ
बिताई रहेछु कल्पी एकलासपूर्ण जीवन
कहाँ गई सुनाउँ भावीको अन्यायको बयान
आँसुमा डुबेको व्यथा, विरह-विलापको गान
निसासिएर बेहोश छ हतासपूर्ण जीवन

गजल

गजल

खुश्बूराज शाही

बाधा, पीर ताप, कष्ट सही रहन्छु
तिम्रो हुँ भन्देऊ म तिम्रै रहि रहन्छु
लाली ओंठको त्यो मधु-रस बाहेक
अमृतै पिलाए पनि प्यासी रहन्छु
मुस्कुराई रहू तिमी अगाडि बसेर
म आठै-प्रहर स्तुति गरी रहन्छु
राखेर तिम्रो इच्छा गर्नेछु यज्ञ एक
टुक्रा मुटु कलेजाको होमि रहन्छु
पहिले तिमी आफ्नै विश्वास गर्न सिक
मरे पनि म तिमीसँग बाँकी रहन्छु
दियो र दिन्छ कसले सधैं साथ "आत्मा" ?
जब एक्लो हुन्छु तिमी देखी रहन्छु
मोह नचुँड सारै नादान छ "खुश्बू"
सधैं हात जोडी यही भनी रहन्छु

धनगढी, कैलाली ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi.

कविता

सपना

✍कृष्ण कँडेल

सपना बाँडेर धेरै पटक
ऊ मेरो काँध चढेर शिखर पुग्यो
मेरो गोडालाई वैशाखी बनाएर
ऊ अपाङ्गहरूको दौडमा प्रथम पनि भयो
लगाएर तक्माका खातहरू गलाभरी
पुन: शङ्खघोष गर्दैछ जनता हो होसियार
मेरो जीत तिमीहरूको जीत हुनेछ
तिमीहरूको जीत मेरो ...... हुनेछ
.... सपना साकार पार्न
फेरी एकपटक युद्ध मैदानमा
रगतको होइन ल्याप्चे सहिछापको खाँचो छ
जनताको प्रिय नेताको यो भाषण सुनेर
मेरो सपना मोह भङ्ग भयो
ब्यूँझदा काँध दु:खेको थियो
मन भाँचिएको थियो
दृष्टि धुमिल भएको थियो,
किन देखिन्छन् यस्ता सपनाहरू
विपनामा पनि पूरा नहुने
किन बाँडिन्छन् सपना लगाएर
कतिन्जेल हामी नाङ्गो आङ ढाक्न सक्छौं र ?
सपना नै हौ
अब विपनाको प्रतिक्षा गरौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

नयाँ शताब्दी र मान्छे

✍कृष्ण कँडेल

श्रृजना अस्ताएको छ
षड्यन्त्र उदाएको छ
श्रृजनशिल हातहरूले
ज्वावल समात्न छाडेका छन्
निशाचरहरूको साम्राज्यमा
मान्छे
मान्छे कम र दास धेरै हुँदैनछन्
यो माटोमा फूल रोप्ने हातहरू काटिँदैछन्
बगैंचामा
सृजना फूल्न छाडेको छ
गुलाफको बास्नामा
पारमाणिक गन्ध फैलिदैछ
नयाँ शताब्दीको संघारमा
उभिएको मानव सभ्यता
आफ्नै छायाँको प्रतिबिम्बबाट त्रसित छ
समयको भूमरीमा
हामी शान्तिको खोजीमा
पल पल अशान्ति निम्ताई रहेका छौं।

-गैंडाकोट, नवलपरासी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

तिमी र म

✍गोविन्दराज विनोदी

तिमी तार मेरी म तिम्रो सितार
तिमी हौ सरित् हुँ म तिम्रो किनार
तिमी फक्रँदी पद्मिनी, पोखरी म
तिमी इन्द्रिनी हौ र वर्षा-झरी म !

म हुँ शब्द, हौ अर्थ मेरी तिमी नै
म हुँ वाक्य, हौ भाव मेरी तिमी नै
म हुँ वीथिका, हौ तिमी छन्द मेरी
तिमी नै त हौ सच्चिदानन्द मेरी !

तिमी स्वादु बास्ना, म हुँ पुष्प-बेली
तिमी सूक्त हौ, वेदको हुँ म ठेली
उषाकी तिमी दिव्य सौन्दर्य-खानी
म हुँ शीत बोकी बसेको बिहानी ।

तिमी ढुक्‌ढुकी श्वास-प्रश्वास हुँ म
तिमी आत्म हौ देह-विश्वास हुँ म
युगौंदेखि हाम्रो छ सम्बन्ध प्यार
यसैमा अडेको छ संसार सार ।

-गैंडाकोट, नवलपरासी ।

टुक्का

परिवार-नियोजन

✍सुश्री मन्दिरा कोइराला

घाँसे मैदान र गौचरणहरूमा
कल-कारखानाहरू उम्रिएछन्
नदी किनारा र जंगलहरूमा पनि
क्रमशः छहरा र छाप्राहरूले लिएछन्
शायद त्यसैले होला
भोजन र चरणको अभावदेखि
गाइ बाखाहरूले पनि
परिवार नियोजन पो
गर्न थालेछन् ॥

-खनार-४, सुनसरी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

ठूलो सहरमा .....

✍राजेश्वर रेग्मी

सानोतिनो दुर्घटना
ठूलो सहरको नियति हो
व्यर्थ छ-चित्त दुखाउनु
व्यर्थ छ-मन रुवाउनु
दुर्घटनाको सहरमा बसाइ सरेपछि
सानोतिनो चोट पाउनु एउटा नियति हो !

सडकको 'वन वे' मा
दौडिरहेछन् -मोटरकारहरू
तर मान्छेहरू
छरपष्ट गल्लिगल्छेडाहरूमा
भविष्य खोज्दै भौंतारिरहेछन्
र कोहीकोही जोड्जोड्ले टाउको बजारेर
आफ्नो दुर्भाग्यमा आँसु बगाइरहेछन्
टाउको फुटाएर दुर्भाग्य सौभाग्यमा बदलिने भए
सडकमा रक्ताम्य हिंडेका देखिन्थे होलान्-
प्रायः सबैजसो मानिसहरू !
तर, सत्य यो भन्दा धेरै किलोमिटर टाढा छ

यही सत्यलाई उद्घाटित गर्न
सडकमा जोड्जोड्ले चिच्याउँदै हिंड्न मन लागेको छ
मलाई पनि ।
तर, मेरा खुट्टाहरू भयका नेलमा जकडिएका छन्
मेरा हातहरू सङ्कोचका हतकडीमा बाँधिएका छन्
कारण थाहा नै होला-
सानोतिनो दुर्घटना ठूलो सहरको
एउटा नियति मात्र हो !
फगत् एटा नियति !

-विराटनगर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजल

✍नरेन्द्र प्रसाद जोशी

॥१॥

तिम्रो यादको धरोहर छ यो मनमा
तिम्रो चरण छुने रहर छ यो मनमा

मबाट जतिसुकै टाढा भए नि तिमी
तिमी बास बस्नै शहर छ यो मनमा
निद्रबाट बिउँझँदै तिम्रो याद आउँछ
तिमी याद आउने प्रहर छ यो मनमा
सम्झँदैमा तिमी हृदयभित्र शशि चियाउँछ
त्यो तिम्रो रूप मनोहर छ यो मनमा

सागर हौ तिमी नरेन्द्रबाट धेरै टाढा छौ
तिमीतिर बग्ने नहर छ यो मनमा

॥२॥

नाङ्गोलाई लुगाको रहर भएको छ
भोकालाई जीवन कहर भएको छ

एकपछि अर्का नेताजी शिखरमा चढे
नेताजीहरूको आजभोली लहर भएको छ

सोझा सिधाहरूको जमाना रहने यो
जाली र कपटीको शर भएको छ

आफ्नै स्वार्थमा डुबेका छन् यहाँ पार्टीहरू
'आमा' नेपालको लागि यही जहर गएको छ

यस्तै रहिरहने हो भने यदि चलन
सबै जुटेर उठ्नु पर्ने ठहर भएको छ

-भक्तपुर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'म'

✍जगतराम राई

म कोरिएको सलाई हुँ
जल्दैछु -बिस्तारै
मेरो जलाइमा गर्वित हुनेहरू
ढुक्क नबस
किनकि मेरो जलाइसँग
तिमीहरू पनि जल्दैछौ
र पुरै खरानी बन्दैछौं,
आफू जलेर
जलाउनमा
मलाई खेद छैन
दुःख छैन
बरू
सन्तोष छ
आनन्द छ
र छ खुसी पनि ।

म फगत लिस्नो भएको छु
लिस्नो चढाइमा जति आनन्द छ
लडाँइमा त्यति नै बेमज्जा छ
म आँफू भाँच्चिएर
सधैं-सधैं लिस्नो बनाउनेहरूलाई
दुःख पस्कदैछु ।

विजय लडाइँपछिको प्राप्ति हो
प्राप्ति समाप्तिभन्दा अघि हो
मलाई समाप्तिपछिको प्राप्तिमा विश्वास छैन
प्राप्तिपछिको समाप्तिमा खेद छैन
त्यसैले अविरल बग्ने सरिताको प्रवाहमा
निरन्तर बहने पवनको गतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म नौलो सिर्जना प्राप्तिमा निस्केको छु ।

यात्रामा,
मैले भूपि शेरचन भेटेको छु
र उनको घुम्ने मेचमाथिको अन्धो मान्छे पनि
विचरा अझैं अन्धो नै रहेछ
मैले पहिले रोगीलाई हेरैं
र पछि कुर्सीलाई
-कुर्सीमा बस्नुअघि रोग लाग्यो
-वा बसेपछि रोगले छायो
-था'छैन ।
जेहोस् उनलाई एउटा जानकारी छ
कुर्सीदेखि झर्दा त्यति नै नमीठो सडाइछ
आजकल यात्रामा
बोलीभरि पाँचमाना तेल दलेर काम खस्रो गर्ने
मौसमी छेपाराहरू मैले भेट्न थालेको छु
समवेदनाका अक्षरहरू चढाए हुन्छ -यिनलाई
किनकि,
समाप्तिपछिको प्राप्तिमा मलाई विश्वास छैन
प्राप्ति पछिको समाप्तिमा खेद छैन ।

-लफ्याङ्ग-४, खोटाङ्ग ।

गजल

गजल

मधू प्यासी

असल हौ कि दुष्ट, थाहा थिएन मलाई
नजरले नै एकोहोरो, बाँधिदियौ मलाई ।
ज्यानै दिन्छु भन्ने, तिम्रो पहिलो वाचा
दिनवत कल्पनापी, राखीदियौ मलाई ।
भित्र जरो खन्दै बाहिर नबोलेर
सहयोगको नाममा ढाल्न खोज्यौ मलाई ।
ज्यान दिन होइन लिन खोज्ने तिम्रो
पापी इच्छाप्रति गुनासो छ मलाई ।

-पाल्पा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीत

गीत

दुर्गाप्रसाद पोखेल

विश्वासको खेती गरें फुल्नथाले धोकाहरू
फूलवारी जतातते चर्न थाले बोकाहरू ।
बाटाभरि छरिएछन् आश्वासनका पोकाहरू
प्यूँदा प्यूँदै गोदाम रित्तो, रुनथाले भोकाहरू ।१।

माटो पनि रुन थाल्यो बगाएर आँसु
रोएको छ ढुकढुकी कसरी म हाँसु ?
गुलाफका पत्रहरू छिरलिए पाखाभरि
बोकेको छु व्यथाहरू सुनिएका आँखाभरि ।२।

व्यथा बोकी तिमी कैले हाँस्न सकेका छौ ?
आँसु पिई तिमी कैले नाच्न सकेका छौ ?
म पनि त मानिस हुँ तिमी जस्तै यौटा
व्यथा बोकी हाँस्नसक्ने नसम्झ न द्यौता ।३।

-पारसनगर, चितवन ।

गजल

गजल

दिल पौडेल

केहीले न्यानो चूलो पाए
केहीले यहाँ धूलो पाए ।

जमिन्दारहरू जो-जो भए,
उनैले मात्र कूलो पाए ।

तस्करहरू जति भए,
उनैले घर ठूलो पाए ।
बगरेहरू जो-जो भए,
उनैले जोख्ने तूलो पाए ।

पद, पैसा जसको भयो,
उनैले औषधि मूलो पाए ।

-लदामिर, सिन्धुली ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

जवाफ भए भन ?

✍टी.एन.जोशी "किशोर"

एउटा छलकपटको झुट्टो आभाषमा
तिम्रो दासताको खोल ओढी
मैले अनुसूय नगर्दा पनि
एउटा निर्दोष आत्माको जलनमाथि
अनपेक्ष रूपले तिमीले हेरिदिँदा
मेरा मांशपिण्डका दिवारहरू
जर्जरतामा बाँचिरहेका छन्
तिम्रो सोचाइ र मेरो मानसिकताले
आकालिक जन्मेको गुलाबको फूल
सौन्दर्यविहीन बनेको छ अनि ....?
तिम्रो र मेरो आत्मियता एउटा
विशाल महासागरको फेदीमा
चख्नाचुर भएको छ
एउटा असह्य पीडा भएको छ ॥

मैले त तिम्रो नादान देहलाई
ढुङ्गाको देउता मानेकै थिएँ
तिम्रो प्रखरता मेरा लागि एउटा
प्रेरणाको अग्निवाण भएकै थियो
एउटी कामुकी स्त्रीको यौनतृष्णामाथि
तगारो हान्ने काम तिमीले गऱ्यौ
म त केवल स्वच्छ दिल चाहन्थेँ
जुन केवल मेरा लागि 'खमिर' सावित भयो
कताकति आज हरिणले आफ्नो बाटो बिराएझैँ
मभित्रको साहित्य अलप भएकोछ

मेरा कटिबद्ध लेखनीहरू तिम्रो झटारोमा
मर्माहत भएका छन् अनि घायल भएका छन्
तिमीभित्रको त्यो कालो कपटले
जीवनयात्रामा तगारो हानेको छ
छि ! तिमी त त्यस्तो कपूत रहेछौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी त केवल हुतिहारा वर्गको जीव रहेछौ
तिम्रा सफलताका ज्वारभांटालाई
एउटा छौडोंको व्यवहारसँग
कसरी तुलना गर्न सक्छु र म
तिमी त आफैँमा परिवर्तनशील छौ
अनि आफैँमा संवेदनशील रहेछौ

त्यसैले,
मेरा सफलताका चुँडीहरू
तिम्रा परिवर्तनशील हातहरूले
कुठाराघात पारिदिँदा
तिमीभित्रको प्रसिद्ध 'ग्रेटवाल'ले
माफी दिन्छ कि दिँदैन
जवाफ भए भन ?
जवाफ भए भन ? ॥

-धनगढी, कैलाली ।

गजल

गजल

लीलाराज दाहाल

पूर्णिमाको मनमोहक उजेली रातमा
गर्दिनू माफ गल्ती भए नशाको मातमा ।
जिन्दगानी अल्भिन्छ कतै परिस्थिति बीच
छोडिदिनू उसै, परें भने मित्र घातमा ।
कसैको गुन, कसैको ममता जीवनमा
नभुल्नू हाँसी हाँसी एकगाँस भातमा ।
दया हुन्छ भुपडीमा महलमा होइन
नसाट्नू अस्मिता सखी ! नोटको खातमा ।
गएँ भने पनि म त लौ तिमीभन्दा छिटै
हेरिराख्नू, आउंछु फेरि कसैको साथमा ।
पूर्णिमाको मनमोहक उजेली रातमा
हेरिराख्नू आउँछु फेरि कसैको साथमा ।

-कर्मैया–५, सर्लाही ।
हाल : मा. वि. कर्मैया ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

राउत माईला

कस्तो जिन्दगी हुँदो रहेछ यहाँ
जिन्दगी आफैंलाई बोझ सरह !
कस्तो नियति हुँदो रहेछ यहाँ
नियम आफैंलाई बोझ सरह छ !
वच्पन थियो आहा ! क्या मज्जा
ती सपनाहरू भुल्नै नसक्ने गरी !
मुनाको टुसासरी दुई पात हुँदै तीन पात भयो
जीवन खहरे यौवनमा चडिगयो ।
भुल्दै गइयो ती वच्पनका निर्दोषीपन रहरहरू
मत्ताहात्ती भइएछ बोक्यो हुनै नसक्ने रहरहरू !
यौवन ढल्दै गयो पराई भएछन्
आफ्नो हुन खोज्नेहरू साथमा रहने आफन्तहरू !
भन्नेहरू त भन्छन् जिन्दगी दुई दिनको राम छाया हो
तर भन्नेले सोचे जस्तो कहाँ हुन्छ र जब !
जिन्दगी एक-एक पल दन-दनको ताप भइदिन्छ !!
आडम्वरी संसारमा बाँच्नु नै पर्ने रहेछ
मनमस्तिमा हजार टण्टा भए पनि !
मुस्कान छरिरहेछु लालीगुराँस सरह
रातपछि दिन आउने सत्यतालाई सम्झँदै
कहिल्यै नफर्कने खुसी सम्झेर जीवन यापन गरिरहेछु ।
सवैको आ-आफ्नै रहर
कसैलाई हिंड्ने रहर त कसैलाई गुड्ने रहर
कसैलाई बडने रहर भने
कसैलाई पल्लो हुने रहर
कसैलाई हाँस्ने रहर
कसैलाई हँसाउने रहर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैलाई अरूको पिडामा हाँस्ने रहर
कसैलाई अरूको पिडामा रुने रहर
कसैलाई विशाल महल बनाउने रहर
कसैलाई सपना देख्ने रहर
कसैलाई पदआशिन हुने रहर
कसैलाई बाँच्ने रहर
कसैलाई बचाउने रहर
कसैलाई खोइ के के रहर
आफ्नो रहर त खोइ के रहर भनुँ
हामी सबैको विवशता हो
एक गास खाई सुकिलो लगाई
म नेपाली हुँ भनी गौरव गर्ने रहर ।

-गौशाला ।

गजल

गोधूलिका बेला

✍दुर्गाप्रसाद पोखेल

गोधूलिका बेला नसोध मलाई-
मेरो मुटु त्यसै दुख्छ
हे सूर्य ! तिमी जसरी हराउँछौ अस्ताचलमा
म पनि एकदिन जिन्दगीको गोधूलिबाट ......
तिमी त फेरि भोलि आउँछौ,
मेरो त निश्चित छैन ।
मेरा भविष्यका साथीहरूलाई भनिदिनू-

ऊ गोधूलिसँगै रुन्थ्यो,
उषा हँसाउन खोज्थी
किन किन गोधूलिमै टुंगिने उषा संझेर
ऊ रुष्ट हुन्थ्यो,
भताभुंग थिए उसका आकांक्षाहरू ....

-पारसनगर, चितवन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

खातेको वेदना

✍अकिदा पौडेल

जन्मेको थिएँ म कसको कोखबाट,
भन्थे पाइएको थिएँ फोहरको थुप्रोबाट ।
हुर्कें, बढें समयको साथ, साथ,
तर पाइएन साहारा कसैबाट ॥

मानिस भएर जन्में मानिसकै समाजमा,
तर मानिसको दर्जा पाइनँ कतैबाट ।
यही समाजमा बसेर मैले,
पाएँ नाम "खाते' सबैबाट ॥

खेल्ने पढ्ने रहर मेरो पनि थियो,
पाइनँ मौका कतैबाट ।
जीवनमा केही बन्ने रहर हुँदाहुँदै पनि,
पाएँ धोका मैले जीवनबाट ॥

मिरमिरे घामसँगै आशाको कोपिला पलाउँछ,
तर कुल्चिन्छ मानिसकै तिरस्कारबाट ।
फेरि अस्ताएको घामसँगै,
अस्ताउँछ रहर मेरो मनबाट ॥

हातमा बोरा, च्यातिएको लुगा र च्यातिएको भाग्यसँगै,
हिंड्दा-हिंड्दै थाकिसकें म जीवनबाट ।
यसरी नै बित्छ खातेको जीवन भने,
हे भगवान् ! देऊ मुक्ति मलाई जीवनबाट ॥

-कुमारीपाटी लगनखेल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

बिर्सेको छैन मैले

ललिता दोषी

बिर्सेको छैन मैले
आँफूले बामे सरेको
आँगन र ती मजेरीहरू
भुलेको छैन मैले
कोइलीको मधुर स्वरलहरी
उकाली, ओराली भन्ज्याङ र चौतारीहरू
कटुस र वयर खोज्दै बिताएका प्रत्येक पलहरू
साहिँली र माहिलीसँग गाएका दोहोरी गीत
छिपछिपे माटोमा गरेका बाउसेहरू
नपत्याए सोध ती वर-पीपलका रूखहरूलाई
जसले मेरो बाल्यकाल गौर गरी नियालेथ्यो
बुझ त्यो कोइलीको भाषासँग
जसलें मेरो स्वरलहरीमा स्वर मिलाएथ्यो
सोध सारङ्गी र मादलका तालहरूलाई
जसले मेरो पाइताला छमछमाउन बाध्य गराएथे ।

नभन आफ्नो राष्ट्र बिर्सेर
म निदाएको छु
सत्य त मैले राष्ट्र बिर्सेर
एक निमेष पनि
आँखा चिम्लिएको छैन ।

छहराको ध्वनि र गुन्द्रुकमा नै
म मुग्ध भई रमाएको छु
मुटुमा राखेर राष्ट्रको स्पन्दन
प्रतिपल गीत गुनगुनाएको छु
गीत गुनगुनाएको छु ।

-गुल्मी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

कसले बुझ्छ यो रोदन

✍अशोक न्यौपाने

यो चरको जीवन पनि, नर कुण्ड जस्तै लाग्दछ
सपनीका दोषले गर्दा विपनीमा आँत जाग्दछ ॥
मनमा पिल्सिएका भावहरूलाई छोएर बुझ्न सकिन्न
मन हो एकोहोरो बुझ्नु सबैले, रोकेर कवै रोकिन्न ॥
हजार वेदनाले सताएको यो मन पाउँदैन कहिल्यै शान्ति
कुन परीको ज्योतिमा पाइला यो मनले उज्यालो कान्ति ॥

भनिकन रातदिन यो मन, यस्तै कुरा कल्पन्छ
चाँदनीको बसमा पर्‍यो बेलुका, लगतै हिमाल टल्कन्छ ॥
न दिनमा भोक, शोक न रातमा निन्द्रा जसै
यो जीवन बित्ने भयो नि बिरिलै, पिरै पिरमा तसै ॥
हिड्दछु दिनमा ओहर दोहर, त्यो दोवाटो कुर्दछु ।
दिउँसै सपना देखेर हेरीकन उनकै नयन चोर्दछु ॥

आवेशमा आई कहिलेकाहीँ धेरै शब्द जोर्दछ
मनमा सन्तोष नलागी हेरीकन, उनलाई एकै छिन चोर्दछ
आशाको त्यान्द्रो चुढिन लाग्यो है, समात्ने कोही छौ कि ।
अर्काको दुःखमा साथ दिने कोही परी यहाँ छौकि ॥
हाँसी र वेली छुमेको यो ठाउँ त्यसै उराठ लाग्दछ ।
लेखुँ, बोलुँभन्दा अल्झिएर पेटभित्र त्यसै थाक्दछ ॥

भेटेर केटी कुरा गरुँभन्दा, यो मन त्यसै काँप्दछ ।
यो मनका वेदना लिएर कुन परी अव अघि लाग्दछ ।
यो संसार नै यस्तै छ बुझ्दैनन् अरूको वेदना ।
भित्रभित्रै जति जले पनि कसले बुझ्छ र यो रोदन ॥

❁ -उ.मा.शि.प., साने ठिमी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

'तिम्रो ईर्ष्याले'

✍अशोक न्यौपाने

तिमीले अर्काको सहारामा भार बोक्यौ भनेर नजिस्क्याऊ मलाई,
आफैं पनि बोकी हिड्न सक्दछु म ॥
तिमीले अर्काको सहयोगमा खुट्टा टेक्यौ भनेर नहल्लाऊ मलाई,
आफैं पनि अडिन सक्दछु म ॥
तिमीले अर्काको भाग्यमा जीवन छोड्यौ भनेर घृणा नगर मलाई,
आफैं, पनि भाग्यरेखा कोर्न सक्दछु म ॥
तिमीले अर्काको इतिहासमा नक्कल गऱ्यौ भनेर नकोट्याउ मलाई,
आफैं पनि इतिहासको पाना पढ्न सक्दछु म ॥
त्यसैले,
अबदेखि मेरो नजरमा आएर मलाई गलाउने प्रयास नगर तिमी,
म त घाम, पानी र हावाले छुन नसक्ने जहाजको ब्ल्याक बक्स
भैसकेको छु
तिम्रो ईर्श्याले ।
तिम्रो ईर्ष्याले ॥

❁

-उ.मा.शि.प., सानो ठिमी

गजल

गजल

✍मनोज न्यौपाने

यौवनमै किन कुन्नि बूढो भएँ जस्तो लाग्छ
बगरमा पल्टिएको मुढो भएँ जस्तो लाग्छ

आफैंदेखि क्रुद्ध छु गर्न केही नसक्दा म
आफैंलाई आफू सारै जुडो भएँ जस्तो लाग्छ

जे काम ताक्छु परिवेश प्रतिकूल हुन्छ मेरो
वञ्चरोले ताकेको घुँडो भएँ जस्तो लाग्छ

किन हेर्छन् यसरी मलाई मेरै मान्छेहरू
तिनका आँखामा म खुँडो भएँ जस्तो लाग्छ ।

❁

-विराटनगर-४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

'मेरो मधुकर'

✍विमा अदिक्षित

मेरो जिन्दगीको मधुकर
तिमी चिरकालीन पर्खाइमा
सांसारिक सुख-दुःखरहित चर्खाइमा,
दीक्षित झोला टङ्कारेर अगस्ति नवन
एकलव्यता चैतन्यसँगै चाणक्य बन
तर,
दुर्वासा कदापि होइन
मलाई दुनिया साराले
पिङ्गलाको महान् उपाधि दिए पनि
तिम्रो बाँसुरीको सुर-संगम सुनी
म स्वर्ण विमानमा सवार भएर
दधिचीको नीति नियम पालन गरेर
घना/विकट जंगल बिच
विकट/घना जंगल बिच
वृहस्पति सरी तिम्रो काखमा रमाउन
प्रतिफल धाई रहने छु
चाहे,
मेरो ताल इन्द्रअघि किन नझुकोस्
चाहे,
वासुदेव धुन स्वर्गमा किन नझुकोस्
म मन्थरा कदापि बन्न चाहन्न
हुन त, म सावित्री बन्न पनि नसकुँला,
जति जतिसम्म इन्द्रको सराप परे पनि
म प्रेमीको सुरदास बन्दै/चल्दै
हरपल,
तिम्रो जीवनको मीरा बन्नेछु
यसमा राहुको कुनै दोष हुनेछैन
यो मेरो प्रतिज्ञा
मात्र हो,
आधुनिक मधुकरलाई .... !!

-धनसिंहपुर, कैलाली ।

❁

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

बुद्धको खोजी

✍राजनविक्रम थापा

आज, म ब्युझें बिहानीको झिसमिसेमा
बन्दुकको कठोर आवाजले
छाम्रें मुटुको ढुकढुकी,
तीब्र गतिले चलिरहेकै छ ।
आँगनमा एक हुल परेवाहरू
अर्धमृत अवस्थामा छटपटाइहेका छन् ।
रगतै रगतले पोतिएको छ आँगन
रगताम्य भएको छ दलिन,
ढोकाबाट निस्कनासाथ
रगतमै चिप्लिएर रगताम्य भएको छु म ॥
मैले खोजें चारैतिर,
यसै आँगनमा जन्मिएको बुद्धलाई
केवल एक पटकमात्र भएपनि
परेवाहरू बचाउन पहल गर्छन् कि भनी
तर पाउन सकिन कतै
मैले उज्यालोमा हेरें जताततै रगत देखें
घाममा हेरें रगतको टाटा देखें
जूनमा हेरें रगतको धब्बा देखें
नदीमा हेरें रगत नै रगतको फाल्सा भेटें
फूलमा हेरें रगतकै रंग भेटें
रगतै रगतले पुरिएको म,
पुनः बुद्ध खोज्न थालें
गया पुगें, पिपलको बोट भेटिन
जताततै बञ्चरोको चोट भेटें
लुम्बिनीमा पनि भेटिन उनलाई
केवल एउटा मठ भेटें
मैले प्रत्येक जीवित आत्मामा खोजें
कतै बुद्ध भेटिन्छ कि भनी
तर मैले भेट्न सकिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सायद हिजो
भोक थिएन, रोग थिएन
रिसराग र वैमनश्यता थिएन
शासन थिएन भाषण थिएन
कुनैपनि झुटो, अत्याचार थिएन
महँगी थिएन आतंक थिएन
तर आज,
बुद्धको सन्देश उल्टिएका छन्
सत्यलाई असत्यले
प्रियलाई अप्रियले
अमृतलाई विषले जितेको छ,
सायद त्यसैले,
मैले उनलाई जमिनमा भेटिन
मैले बुद्धलाई पानीमा भेटिन
मैले बुद्धलाई घाममा भेटिन
मैले बुद्धलाई जूनमा भेटिन
अहँ मैले कहीं कतै बुद्ध भेटिन ।

गजल

गजल

रमेशहरि ढकाल 'समर्थन'

पर्खी बसें फर्की दिन आउँछ कि भनी
कोइलीले गीत नयाँ गाउँछ कि भनी
जेठमासको चर्को गर्मी पनि सही वसें
खोला फेरि साउनमा सुसाउँछ कि भनी ।
शिशिरमा पात झर्दा हरेस खाइनँ
वसन्तमा पालुवा पलाउँछ कि भनी ।
अपमान सहें तर केही बोलिनँ
साँचो बोल्दा साथी पो रिसाउँछ कि भनी ।
आँखा तरी हिंड्छन् साथी नचिने झैं गरी
समर्थन दुःख पां बिसाउँछ कि भनी ।

-पाल्पा ।
हाल-रौतहट ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

बरफ जमेको बाटो

✍नरेन्द्र घिमिरे

पाइलाहरू
बरफ बाक्लिएको बाटोमा लम्किरहेछन्
घामका थुँगाहरू फक्रेनन् भने
वदा लिनसक्छ यात्राले मृत्यु ओढेर,
दुर क्षितिजमा
पानीका अग्ला अग्ला भऱ्याङ्गहरू उभिएका छन्
तिनै भऱ्याङ्गका थाप्लाहरू टेकेर
विश्राम लिनुपर्नेछ अभिष्ट यात्राले,

गन्तव्य चुम्न
न गाढा अँध्यारोमा सकिन्छ
न मधुरो उज्यालोमा सकिन्छ
विवशताको तिर्खा कोलाजहरू अग्लिएर
ठेस लागिरहेछन् पैतालाहरूमा,

माथि आकाशमा
हुलका हुल कागहरू मलद्वार खुकुल्याउँदैछन्
जवस्वाँठ गिद्धहरू पसेर
पँखेटा फिँजाउदै घुरिरहेछन् धर्मशालाभित्र
सडककै पाइलामुनि
आगोका कोपिलाहरू हुर्किए रे
मुस्काउने जमर्को गर्दै पनि छन्,

घामका सहस्र थुँगाहरू फक्राएर
पत्र-पत्र बरफ पगाल्नुपर्छ
पानीका अग्ला -अग्ला भऱ्याङ्गहरू पन्छाएर
खुला सडकबाट यात्रा थाल्नुपर्छ,

घामका थुँगाहरू फक्रेनन् भने
विदा लिनसक्छ यात्राले
मृत्यु ओढेर ।

-भलायखर्क-४, लमजुङ्ग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

नियति ?

कृष्ण साहसी

एकै कोठाको
इज्जत
धज्जीमा राखेर
भाडामा विकेका
कमिशनमा
रमाउने,
लोलुपतामा जकडिएका
चाकडी र चापलुसीका
धर्मभिरूहरू ...
स्फूरण भएपछि
एकै क्षितिजको
छहारीमुनि
संमिश्रणयुक्त
ओतप्रोतमा
मौलाएको बेला
..... के थाहा ?
यथार्थ नीति नियम
विश्वास र अनुशासन
पलायनतामा लिप्सिएर
मुर्झाउन नपाउँदै
कार्यकक्षभित्र
प्रतीक्षारत
आकस्मिक
क्षेप्यास्त्रको
रिमोट निहार्दै
निडर सुयोग्य अभिमन्यु
विवश .....
लाप्सा-लाप्सा
क्षतविक्षत
रङ्गीन शरीर
सिरानी बिहीन
सर सैयामा
सयन गरिरहेछ ।

-भ.पु.जि. कटुन्जे ।

गजल

गजल

रुद्र ज्ञवाली

सधैं-सधैं रुन्चे हाँसो हाँस्ने गर्छ भैरहवा
आफैं आफ्नो हविगत जाँच्ने गर्छ भैरहवा

घाइते भै बोर्डरका पारी गल्ली डबलीमा
फेन्सिडलसँग नाता गाँस्ने गर्छ भैरहवा

माछ्रा पाले हुन्छ मुख्य चोक सडकमा तर
विकासको चर्को डाँक बास्ने गर्छ भैरहवा

जड्ड पंक दुई नम्बरीको गर्दै रखबारी
निर्धा निमुखकाको ढाड भाँच्ने गर्छ भैरहवा

अर्थतन्त्र सुनौलीको बाटो पोइल गए पनि
घ्यु खाएको हात सुँघी बाँच्ने गर्छ भैरहवा

गुमाएर राष्ट्रियता र पौरखी स्वाभिमान
विना सुर बिना ताल नाच्ने गर्छ भैरहवा ।

-भैरहवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

युद्धबाट थाकेर

✍अमोध काफ्ले

शरीरभरि खोपेर प्रेमीका ट्याटूहरू
देश
अल्लारे नाचिरहन सक्दैन
जिन्दगीका धूरीहरूमा चढेर सधैँ
देश
कुखुरे-वैंश बासिरहन सक्दैन
तर कुनै पनि बेला
वृद्धि हुनसक्छ भाग्य, शिथील हुनसक्छ ज्यान
कुनै सीमा छैन
पश्मिनाको गलबन्दीमा कोही आउन सक्छ
खद्दरे पछ्यौरीमा कोही भाग्न सक्छ
यस्तो वेला अशान्तिको लवटा हानेर
देशको गाला चड्काउनु हुँदैन
ड्याङ्-ड्याङ् गोली ठोक्नु हुँदैन
आधार वर्ष लिएर
मलाई सम्झाउन खोज्लाऊ तिमी
समयलाई घृणा छ
-मुर्दा शान्ति

मान्छे
रविन्सन्कुसो बाँचिरहन सक्दैन
न ब्रह्मचारी हाँसिरहन सक्छ
न कुमारी नाचिरहन सक्छ
कि पुलकित अङ्गनामा अड्किन्छ
कि सुललित छातीभित्र धस्सिन्छ
नभए अविजितको यात्रा थाल्न चाहन्छ
तर
अविराम लडिरहन सकिदैन
हार्नुपर्छ मान्छेले
अविराम जितिरहन सकिदैन
हार्नुपर्छ नेपोलियनले
आधार वर्ष लिएर
मलाई सम्झाउन खोज्लाऊ तिमी
म अलेक्जेण्डरको यात्रामा निक्लिन सक्दिन
भो, चाहिएन मलाई मुर्दा शान्ति !
भो, चाहिएन मलाई मुर्दा शान्ति !!

-कर्मैया-५, सर्लाही ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीत

गीत

✍वालमुकुन्द कार्की

थाहै भएन वगैंचामा फूल फुलिदिदा
वेहोसी भई उनी आज मुर्छा पर्दा

हरियाली वसन्त खै कतातिर छाए
हराएर बेहोसीमा कसले कसलाई पाएँ
केही गर्न सक्दिन यो दिल साह्रै दुख्दा
हराएर बेहोसीमा आफूलाई पिउँदा

डुवेर कल्पनामा संसार सबैपाएँ
चुमेर तिम्रा हातहरू सबै-सबै पाएँ
वसन्ती बास आएर होसी भइ उठे
बेहोसी सबै हराएर तिमीसँग जुटे

चन्द्रनिगाहपुर-१, रौतहट ।

गीत

मायालु ठूली

✍दिलिप राई 'समर'

हिमालमा हिमचूली, तराईफाँटमा धानचूली
मैसँग माया लाउनु साह्रै रहर गर्थी ठूली
त्यै पारिगाउँकी ठूली
त्यै मायालु ठूली ।

बैंस उसको कस्तो भयो यो ज्यानलाई थाहा छैन
डाँडैभरि ढकमक लालीगुराँस फुले झैं फुल्यो कि ।
प्रदेश लाग्दा दोबाटोमा बिदाई गर्थी डिलमा झूली
त्यै पारिगाउँकी ठूली ।

ताराहरूको डोली सज्यो होला चन्द्रमा मुस्कुरायो
मुहार त हजारौं देखें मलाई उनी नै मन पर्‍यो ।
स्निग्ध मुहारमा मोहनी लाग्ने त्यो नाकको फूली
मैसँग दोहरी गाउनु साह्रै कर गर्थी ठूली ।

-मोरङ्ग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता

"डोल्पाको ट्रेकिङ्ग"

-लुमडी आचार्य

नेपाल आउने पर्यटकको धोको धेरै हुन्छ
हिमालको आकर्षणले मन उनको छुन्छ
कोही जान्छन् सगरमाथा, कोही मनाशलु,
कोही जाने माछापुच्छ्रे, कोही त मकालु ॥

अपर डोल्पा ट्रेकिङ्ग जाने "दुनाई"को बाटो,
रुट अरू उपयोगी छैन यसको साँटो ।
उड्छ विमान नेपालगन्जबाट सबेरै,
हुन्न उड्नु ढिलो गरी चल्छ हावा धेरै ।

उत्तरतिर मुहुडा गरी विमान उड्दै गर्छ,
घरिघरि बादलमा धावन मार्ग पर्छ ।
कहिले तल कहिले माथि हिमालको खोंच,
मनमा हुन्छ, पाइलटको कुशल पुग्ने सोँच ।

विमानस्थल वरिपरि मानिसको हुल,
पर्छ, उड्नु उत्तर-पूर्व गर्नु हुन्न भूल ।
डोल्पाको एयरपोर्ट सुगम छैन ठाउँ,
छैन बाटो मोटर गुड्ने "जूफल' यसको नाउँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीत

गीत

✍कृष्णा पौडेल

जिन्दगीमा हाँसो भन्दा आँशु किन बढी भयो
खुशीहरू टाढा भागे पीर मात्रै मनमा रह्यो ।

आँखाबाट बग्छ खुशी हुँदै नारायणी
किनारमा परे मत कहाँसम्म जानी
आफ्नै जीवन आफ्नै लागि किन बोझ भयो
खुशीहरू टाढा भागे पीर मात्रै मनमा रह्यो ।

मासिएको वन जस्तो मन भयो उजाड
उठाएको बस्ती जस्तो जीवन भयो उराठ
हरियाली बन्न खोज्दा मरुभूमि जस्तो भयो
खुशीहरू टाढा भागे पीर मात्रै मनमा रह्यो ।

-भ.न.पा.-१३, गुलाफवाग

कविता

युद्ध

✍पिताम्वर घिमिरे

युद्धको कुनै आकार छैन
कुनै सिमाना छैन,
जहाँबाट पनि आक्रमण हुन सक्छ
भीडहरू रोज्दै
एकान्तहरू खोज्दै
कायरताहरूले युद्ध छेड्न सक्छ,
हिंड्दा हिंड्दै
बस्दाबस्दै
तातो गोली लाग्न सक्छ,
के ठेगान
जागीरमा गएको श्रीमान्,
कतै मुठभेटमा पर्ने हो कि ?
स्कूल गएको छोरो
फर्केर आउने हो कि होइन
शङ्कै छ,
युद्धवाट विषाक्त भएको परिवेश
त्रासदी मानसिकताले पिरोल्दो छ
खै यो युद्ध हो कि मानव संहार हो
युद्ध भनौं भने युद्धको परिभाषा छैन
युद्धको औचित्य छैन
केवल यो त कायरताको नमुना हो !

-ताल्चोक, लेखनाथ नगरपालिका, कास्की ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालकविता

अब त ऊ

✍सविन पौडेल

सम्झना छोडेछ उसले
आफू जन्मेको ठाउँलाई
फालिदिएछ मनबाट
हुर्किएको गाउँलाई ।

दरिद्रताको भूँमरीमा
पत्तासरी उडी गयो
दुई वचन तुच्छ सुनी
धनको लागि विदेशियो ।

नङ्ग्रा खियाउँदै ऊ
शोषकका शोषण तिर्न
गयो, बस्यो शुल्यो
बिर्सिएछ गाउँ फिर्न ।
सम्झन्थ्यो कहिले ईश्वरले
जन्म किन दिए होला
दुःखी भई विदेशिन
संसार किन विचित्र होला ।

दुईधारा दूध पिई
हुर्किएको ज्यानलाई
स्वच्छ वातावरण पाएको
स्वर्णमय मस्तिष्कलाई ।

ढाडमा भारि शिरमा नाम्लो
विदेशीको कमारो बन्न
दरिद्रताले के गरेको ?
पाएन सुन्दर फूल फुल्न ।

आमाको भारा दूधको
तिर्न उसले बिर्सिसक्यो
उसलाई त केवल जीउनुछ
जन्मेको ठाउँ भुलिसक्यो ।

दुई थोपा पसिना आफैमा
पोख्ने इच्छा बिलाइसक्यो
अब त ऊ विदेशको
सेवा गर्ने भइसक्यो ।

अत त ऊ परदेशी भयो
बाँच्नको लागि खानलाई
अत त ऊ अपरिचित भयो
आफ्नै जन्म दिने आमालाई

अब त उसले चिन्न छोड्यो
कर्म दिने बुबालाई विष सरी सम्झनथाल्यो
अमृत समान दूधलाई ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Poem

The Five Wh's

✍Debesh Prasad Lohani

What is man?
Of flesh and blood
Like the animals
No sign of the soul.

Where is the man?
In the Universe
But where is the Universe
Nobody Knows.

When is the man?
Now
But when is now
No answer to it.

Why is man?
A question with no answer
Is it accidental
May be, may not be.

Who is man?
Take away his name
He is a nameless package
Of flesh and blood.

Five questions
No answers
Is he a man?
No he is not.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Poem

DREAMS LIFE

Sanu Raja Shrestha

My life expects
High Optimism,
Always Fly High

Dreaming an Enchanting
and Beautiful Scenic Life.

Life is ongoing
One Track

Nothing in Change
& Nothing in Taste

Style, Rarely Hoped
Will Reform/
Amended in Regular Visions
of Life and

Still Waiting A Happy News
In The End Of My Life.

–Kathmandu.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथा

अनिच्छित सन्दर्भ

✍मधुवन पौडेल

पाँच बजे निस्कँदा आकाश सफा नै थियो। फाटफुट बादल देखिए पनि पानी परिहाल्ला जस्तो थिएन। हावा त चिसै थियो, तर अत्यन्तै प्रदूषित ! रमेशले आफ्नो देशमा बूढाबूढी लगायत सबैले भनेको कुरा सम्झ्यो –बिहानको हावा ठण्डामात्र होइन ताजा र स्वस्थकर हुन्छ। तर यहाँ त त्यो कुरा ठीक उल्टो पो थियो। बिहान सबेरैदेखि कोइलाको प्रदूषित मुस्लो बाहिर ननिस्किए पनि उसको आफ्नो कोठाभित्र पस्ने गर्थ्यो। सडकको छेउमा पाताल हुन लागिसकेको एउटा पुरानो र जीर्ण घरमा त्यो एरियाको सबैभन्दा व्यस्त चिया पसल थियो।

बिहान घुम्न निस्कने बानी स्वास्थ्यको हिसाबले राम्रै र आवश्यक भए पनि घुम्न आउने जमातलाई हेर्नेहरूले भने यो त अभिजात वर्गको देखौवा अथवा फेशन हो कि भन्ने लख काट्न कर लाग्थ्यो। हुन पनि रमेशले कहिल्यै लुङी अथवा पाइजामा वा धोती नै लगाएर आउने मानिसको संख्या २/३ प्रतिहातभन्दा बढी देखेको थिएन। बहुसंख्यक मानिसहरू गाडीमा आउने गर्थे, उनीहरूको पहिरन -टि सर्ट, कट्टू, मोजा र जुत्ता सबै नै दामी नै हुने गर्थे। एकाध घण्टा सामान्य हिंडाइ, छोटकरी दौड, फाटफुट कसरत गरेर पसीना पुछ्दै भलाकुसरी पनि हुने गरेको देखिन्थ्यो। कसले कति चक्कर मार्‍यो, कसको प्रेसर कति घट्यो र कसको तौल अझ कम्मर को भाग घट्दै गएको छ आदि आदि कुराहरू भलाकुसारीका विषय हुने गर्थे। त्यतिमात्र होइन, ३/४ समूहबीच त बन्दव्यापारको कुराकानी हुन्थ्यो, अनि राजनीतिलाई त प्राय: हात प्रतिहातले नै आफ्नो कुराको विषयवस्तु बनाएका हुन्थे। एकाध घरेलु कुराहरू -कसको छोरो विदेशको कुन ठाउँमा पढ्दैछ, अथवा आई.ए.यस्, आई यफ यस् मा गयो-पनि हुने गर्थे।

रमेशले घुम्न शुरू गर्नुको कारण अरू केही थिएन। दिनभरि कुर्सिमा थुप्रिनु, बेलुकी एक न एक निहुँमा रक्सी र गरिष्ठ खाना, अनि घोडा बेचेर सुत्ने भने झैं निद्रा ! आङ् तन्काउने खेलकूद दौडधूप केही थिएन। घर बाट ऊ पैदल नै जाने गर्थ्यो। यदाकदा सामान्य परिचय भइसकेका अझ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घुम्न आउने साथीहरूले लिफ्ट् पनि दिने गर्थे । फाटफुट भए पनि पानी पऱ्यो भने ऊ जाँदैनथ्यो । आखिर निहुँ त हो नि !

घुम्न जाने ठाउँ दुईवटा थिए –एउटा निकै फराकिलो पुस्तकालयको हाता र अर्को सानै भए पनि बढी हरियालीयुक्त ढपक्क फूल पोखरी आदिले सुसज्जित हर्टिकल्चरल गार्डेन, पहिलो ठाउँमा सडकको नजिक भएकोले प्रदूषणको डर बढी थियो तर दोस्रो ठाउँ मानो आरक्षित जङ्गल नै थियो । खुला भन्नु बीचको एउटा ठूलो चउर यहाँ विभिन्न उमेर आकृतिका लोग्नेमानिस स्वास्नीमानिसहरू आ-आफ्नै किसिमले आङ् तन्काउने गरिरहेका हुन्थे । त्यहार निर्मित २४ बेञ्चहरूमा बसेर राजनीति, अर्थशास्त्र, खेलकूददेखि लिएर बजार भाउ, मौसम आदि विविध विषयमा गुड्डी हाँक्ने केही पाका मानिसहरू पनि हुन्थे । झट्ट हेर्दा उनीहरू अवकाशप्राप्त अथवा त्यसको हाराहारीमा पुगिसकेका जस्ता देखिन्थे । त्यो समूहभित्र सबैजसो स्थानीय बंगाली परिभाषामा "भद्रलोक" नै हुन् जस्तो लाग्दथ्यो । कतै थकाई नमारी आफ्नो शक्ति अनुसार चार, पाँच, छ, सात र अझ बढी चक्कर मारेर आफ्नो बाटो तताउनेहरूको जत्था बेग्लै थियो । उनीहरू धेरैजसा व्यापारी जस्ता लाग्थे । यदाकदा उनीहरूको पछाडी हिंड्दा रमेश सुन्नेगर्थ्यो –खुला् आर्थिक नीतिले अब कामकाज गर्न सजिलो हुनेभयो, आयातमा विद्यमान प्रतिबन्ध हटाउनाले उद्योगहरूलाई कच्चा पदार्थ सजिलैसँग उपलब्ध हुनेभयो, मुद्रा अवमूल्यन त एउटा समयानुकूल आर्थिक कदम हो खुला बजार नीति नभई नहुने कुरा हो, केही बढी वर्ष अघि यसो गरिदिएको भए .... आयादि आदि । जिउडाल, बोलीचालीको भाषा हेर्दा सुन्दा यो समूह मारवाडी व्यापारीहरूको झैं लाग्थ्यो । मारवाडीहरूले लगभग कलकत्ताको सबैजसो ठूलो व्यापार उद्योगधन्दा समातिसकेका छन् । उनीहरूमा कुहालता त छँदैछ, तर मेहनती पनि कम छैनन् । विशेष गरी धार्मिक झुकाव अलि बढी भएको कारणले होला, उनीहरूको कुरा सुन्दा रमेशले हिन्दू राष्ट्रवादको अलि बढी नै वकालत गरेको अनुभव गरेको थियो । तीमध्ये कोही आर्थिक नीतिमा आएको अनुकूल परिवर्तनले गर्दा सत्तारूढ पक्षको समर्थन पनि गर्दथे ।

रमेश नियमित निस्कन्थ्यो –सडकको ट्राफिक, आफ्नो मूड र मौसम तीनै कुराले ऊ कुनचाहिँ ठाउँमा जाने हो भन्ने ठहर गर्दथे । पहिलो अर्थात् फराकिलो ठाउँ केही नजदीक तर सडकमा एकनास गुडिरहने ट्रकको वेग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचार गरेर बाटो काट्नुपर्दथ्यो । त्यसपछि पानी पर्ने लक्षण देखिएको दिनमा पनि टाढा जानु उचित हुन्नथ्यो । रह्यो मूडको कुरा –त्यो जतातिर पनि चल्ने गर्थ्यो ।

दोस्रो ठाउँ अर्थात् यहाँ रूखपात, बोट बिरूवा, लहरा, झाढी फूलका वगैंचा पोखरी सबै नै थिए, त्यहाँको चउरको बेञ्चमा पसीना पुछ्दै वंगाली "भद्रलोक"हरूको गफ सुन्न रमाइलो लाग्थ्यो रमेशलाई । यदाकदा उनीहरू नेपालको राजनीतिको गफ पनि झिक्ने गर्थे । केही महीना अघि रमेशको कानमा झ्वास्स परेको थियो –"नेपालमा पनि अव .... वलियो विरोधी पक्षको रूपमा आएछ । हामीकहाँवाट पनि सक्दो सहयोग भएको रहेछ । नेपाल धेरै गरीव र अविकसित छ रे ....।"

अनुहारले रमेशलाई कसैले विदेशी भन्न सक्दैनथ्यो–न त नेपाली भनेर नै उसलाई ठम्याउन सकिन्थ्यो । त्यसैले स्थानीय वासिन्दा नै हो भनी ढुक्क भएर उनीहरू आफ्नै सुरमा कुरा गरिरहन्थ्यो ।

एकदिन रमेशले नेपालकै विषयमा त्यस्तै कुरा सुन्यो । एउटा वृद्ध सज्जन कुर्लंदै थियो, "ए ! उनीहरू त आ-आफ्नै मारामार गर्न शुरू गर्न थालिसकेछन् ! भर्खर आएको प्रजातन्त्र, यस्तो त भइ नै हाल्छ । तर अमुक ठाउँमा, ऊ पस्यो, मेरो मान्छे परेन भन्नेमा पो विवाद छ र ! अव नेपालीहरूकहाँ पनि हाम्रै हावा लाग्नेभो आखिर छिमेकी न ठहऱ्यो !"

अर्को भन्दैथियो "अलि दिन त पर्खनुपर्ने नि ! आजको भोलि त कसले के गर्न सक्छ र ? हामी एशियालीहरूमा धैर्य भन्ने रत्तिभर छैन" ।

रमेश एकदिन जिल्ल पऱ्यो । आकाश पाताल जोरेर कुरा गर्ने यी पाका "भद्रलोकहरू" नेपालको राजनीतिबारे निकै जान्दारहेछन् केही प्रतिक्रिया गर्न पनि के गर्ने भनेर उसले आफ्नो बाटो ततायो । कहिले सद्दे र धेरैजसो वङ्ग्याइएका नेपालसम्बन्धी समाचार टिप्पणीहरू कलकत्ताका अखवारहरूले छापि नै रहन्थे । शायद कुनै त्यस्तै टिप्पणीमा आधारित थिए उनीहरूका गफ चर्चा र परिचर्चा ! धेरैजसो दार्जिलिङ् क्षेत्रमा लामो छोटो समय बसेकै पनि हुन्थ्यो । त्यसैले श्रम सम्पर्क पनि हुन्थ्यो ।

त्यसपछि २।४ दिन रमेश पुस्तकालयतिर मात्र गयो । त्यहाँ घुम्दा एक छेउमा गिद्धको विष्टा गन्हाउने र अर्को छेउमा बाटोभरी काई परेको हुन्थ्यो । हर्टिकल्चरल गार्डेनजस्तो पारिवारिक वातावरण त्यहाँ हुन्नथ्यो । हुन त सोफिष्टिकेड मानिसहरू त्यहाँ नै बढ्ता हुन्थे कि ! रमेशलाई प्रत्येक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तो अनुहार हेर्ने मन हुन्थ्यो अनि ऊ उल्टो सुल्टो दुवैतिरबाट फन्को मार्ने गर्थ्यो। पुस्तकालयभित्र आउनेमध्ये एउटी एङ्लो इण्डियन केटीसँग प्रत्यक्ष देखादेख हुन्थ्यो। त्यहाँ एक प्रकारले फेशन शो नै हुन्थ्यो उसको। पछि रमेशले थाहा पायो -कलकत्ताको एउटा ठूलो होटलमा गीत गाउँदीर हिछ ऊ! त्यस्तै एउटी फेशनदार स्वास्नीमानिस हर्टिकल्चरल गार्डेनमा पनि देखिन्थी। प्रायश: विभिन्न डिजाइनका कुर्ता सुरुवालमा देखिने ऊ सँधै नै ५।६ जना अधवैंशे सहयात्रीहरूको माझमा हुन्थी। उनीहरूको वोली सुन्दा उचाहिँ मारवाडी परिवारकी नवविवाहिता हो भन्ने लख काट्न सकिन्थ्यो।

रमेशको विहान एक डेढ घण्टा यस्तै गरी अपरिचित अनुहार पढ्ने, जवर्जस्ती पसीना काढेर थकाईको अनुभव गर्ने थकाइ लगाउने र चाहेर वा नचाहेर वंगाली 'भद्रलोक'हरूको गफ सुनने गरी वित्थ्यो। लामो समयसम्म एउटै ठाउँमा भेट भइरहँदा सबैले उसलाई अनुहारले त अवश्यै चिन्थे होलान्, तर कहिल्यै कसैले उसँग परिचय गर्न खोजेनन्। एकाध जस्ता लाग्ने व्यक्तिले हात उठाउँथे किन हो कुन्नि! अनि रमेश फिस्स जवर्जस्ती हाँसेर हात फर्काउँथ्यो।

नेपालमा स्थानीय चुनाव दुई चरणमा भर्खरै सम्पन्न भएको थियो। रमेश २।४ दिनपछि फेरि हर्टिकल्चर गार्डेन पुगेको थियो। गोलीगाँठामा सानो घाउ भएकोले त्यो दिन एकै चक्करमा ऊ चउरको छेउमा बेञ्चमा वस्न पुग्यो। त्यहाँ निकै गरमागरम बहस भइरहेको रहेछ। उही अनुहार, झण्डै उती नै संख्यामा ती वृद्ध बंगाली भद्रलोकहरू थिए।

"नेपालमा त स्थानीय चुनाव ...... ले सबैजसो ठाउँमा जितेछ। परेश वावू त भन्नुहुन्थ्यो अव हाम्रो .... को स्थिति मजबूत भइसकेको छ। सीमानातिर हाट हटियामा हाम्रा मान्छे पनि नगएका त होइनन् रे!"

"जनता भेडा हुन्, भोट खसाल्ने बेला उनीहरूलाई के हुन्छ के हुन्छ! हाम्रो यहाँ १९८० मा देख्नुभएन ? कांग्रेसले त्यति आश गरेको थियो त ?"

"त्यसैले त भन्छु जतीन बाबू, जनतालाई चाहेको कुरा पुऱ्याइदिने, अनि भोट खसाल्न चाहिँ हाम्रै जस्तो .... नगरी हुन्न"।

रमेशले सवैकुरा वुझ्यो। दुईदिन अघिमात्र एउटा पुरानो रिपोर्ट पढेको थियो उसले –मतदानमा "मसल पावर" अर्थात् बल प्रयोग! बेञ्चबाट जुरुक्क उठेर हिंड्यो ऊ। उसको मनमा कुरा खेलिरहेको थियो –हामीले धेरै कुरा भारतवाट आयात गर्नुपर्दछ कमसे कम यो प्रक्रियाचाहिँ आयात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नहोस् भनी ऊ प्रार्थना गरिरहेको थियो । बूथ जाम गर्ने, २०० पीट वर बसेर विपक्षमा मानिसलाई जबर्जस्ती फर्काइदिने, अझ त्यसभन्दा पनि कडा रूपमा आतङ्कित पार्ने –प्रजातन्त्रका यी विकृतिहरूलाई अमान्य हुँदा-हुँदै पनि कसैले नियन्त्रण गर्न सकेको थिएन ।

हत्तेरी ! ताजा हावा सेवन गरेर शरीर तन्दुरुस्त राख्ने कथित मर्निङ् वाकको फेशनमा अभ्यस्त हुन चाहने रमेशलाई कसरी यस्तो अप्रत्याशित प्रतिक्रियाले 'टेन्स्' बनाइदियो ? त्यस्तो अनिच्छित परिपाटी आफ्नो देहामा निर्यात भएको देख्न चाहँदैनथ्यो ऊ ! रमेशले अठोट गर्‍यो –भोलिदेखि गिद्धको बिष्टाको दुर्गन्धयुक्त ठाउँमै जानेछ ऊ भौतिक हरियालीभित्र प्रत्याशित मानसिक प्रदूषण उसका लागि सह्य हुनेछैन । उद्देश्य त उसको एउटै थियो –मर्निङ् वाक् ! विनासित्ती अनिच्छित कुरा मनमा थोपर्न ऊ चाहँदैनथ्यो ।

अनि रमेशले दोस्रो ठाउँमा घुम्न जान छोडिदियो ।

❁

५१ औं
राष्ट्रिय प्रजातन्त्र दिवसको
शुभ-उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना
व्यक्त गर्दछौं ।

प्रो. नन्दराज बराल
रविन्द्र कृष्ण स्टोर्स
वेगनास, कास्की ।

प्रो. कमला घिमिरे
सन्देश किराना स्टोर्स
माँसवार, पोखरा ।

प्रो. रामचन्द्र बराल
शिव शक्ति किराना स्टोर्स
वेगनास, कास्की ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यङ्ग्य

भगवान्‌लाई चिठी

✍देवेन्द्र गौतम

लीलावतारले एक्काइसौं शताव्दीमा पनि आफ्नो साँचो रंग देखाउन के छोड्थे र गुठी संस्थानको पुजारी, भगवान्‌को अनन्त सेवक म, दर्शन पनि गरुँ, नित्य पूजा पनि गरुँ भनेर बूढो उमेरमा पनि सकी नसकी धाएको, मेरो प्यारा त अन्तर्ध्यान भएछन्। लागू पदार्थका दुर्व्यसनीहरूले दिनदिनै घुप्याउने, कुकुरहरूले तुर्क्याउने अपवित्र ठाउँमा मुरलीधर धेरैदिन बस्ने छैनन् भन्ने पहिलैदेखि आभाष भएपनि भक्तलाई खवरसम्म गर्न अथवा सँगै लैजान पनि त सकिन्थ्यो नि ! कति निष्ठुरी भएको, मेरो हृदयाधिराज !

ध्यानदृष्टिले हेर्दा मेरा गोपीराज कहिले न्युयोर्क, कहिले प्यारिस त कहिले लण्डनका आधुनिक सुन्दरीहरूसित हास-लीलामा मस्त ! भगवान् न ठहरिए, मानवीय रोगहरूले बूढालाई के छुन्थे र ?

केपुचिन पादरीहरूले बूढाको गद्दी हल्लाइरहेको बेला उनलाई यहाँ वस्न मन लागेन होला। कलियुग आउला अनि त सेतो घेडामा चढेर नेपाल पसौंला, धर्म-स्थापना गरौंला, सृष्टि रचौंला, त्यतिखेरसम्म विदेश भ्रमण गरौं, धर्म प्रचार गरौं भनने लागेको भएपनि यहाँको निर्दयी प्रहरीले म बूढोलाई मूर्ति चोरेको आरोपमा चिसो खोरमा थुनेको तिमीलाई थाहा छैन कि कसो ?

तिम्रो वासस्थान कहाँ हो -क्रिस्टी लिलाम गृहमा, स्मिथसोनियनमा कि सोधेविमा ? अथवा कुनै सौखिन संग्रहकर्ताकोमा आसन जमाएका पो छौ कि ? 'थाहा चाइयो।'

आफ्नै वन्धु वान्धवहरूले मेरो भाग ठूलो देखेको वेला प्रहरीको शारीरिक र मानसिक यातनाले मलाई ठूलो चोट पुऱ्याएको छ। एउटा निरीह पूजारी, जसले वाल्यकालमा वावुको खल्तीवाट सुकी पैसा चोरेको छैन, सिङ्गै भगवान् आफ्नो एकमात्र आस्थाको केन्द्रलाई लिलाम गर्न सक्ला जस्तो तिमीलाई लाग्छ के ?

तिमीले मक्खन चोर्न हुन्छ, एउटा पुजारीले तिमीलाई चढाएका फल र अलिकति रूपियाँवाट आजीवन सेवा गरेवापत आफ्नो र परिवारको भरण-पोषण गर्न मिल्दैन के ? तिम्रो दृष्टिमा यदि त्यो नाजायज ठहरिन्छ भने चरणकमलमा राजिनामा चढाउन सेवक तंतयार छ।

एउटा कुरा सुटुक्क भन त –तिमी अन्तर्ध्यान भएका हौ कि तिमीलाई अन्तर्ध्यान गराइएको हो ? स्वेच्छाले विदेश लागेको भए त ठिकै छ, करकापले धनबलले उडाइएका हौ भने हामी तिमीलाई पातालबाट पनि फिर्ता ल्याउनेछौं।

तिमीलाई पत्र प्राप्त हुने वित्तिकै आफ्नो पोष्ट वक्स नं., इ-मेल, फ्याक्स आदि खुलादर पत्र लेख्नु। यतिखेर सम्पूर्ण देशवासीहरू तिम्रो हालखबर सहितको पत्र मात्र होइन, तिमी सशरीर प्रकट हुनेछौ भन्ने आशामा पर्खिबसेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथा

सम्बोधन : आमालाई

कुबेर लिम्बुखिम

आमा ! तपाईंले आफ्नै हस्ताक्षरमा लेखेर पठाउनुभएको चिठी समयमा नै पाएँ। खुशी लाग्यो अत्यन्तै खुशी लाग्यो। तपाईंको जोश र जाँगरलाई मेरो मुरी-मुरी श्रद्धा छ। अब तपाईंले चिठी बुझ्दा हुलाकीको खातामा ल्याप्चे नलगाउनु पर्ने भयो। चिठी लेखाउन र पढाउन कसैको ढोका ढकढकाउन नपर्ने भयो। हतार-हतार कुनै काम गरिरहेको बेला हुलाकीले आँगनमा आएर चिठी बुझाएर जाँदा तपाईं केही हतास हुनु हुँदो हो। तपाईंको ढुकढुकी अलिअलि बढ्दो हो। चिठी आफैँ पढ्न जाने पनि एकै क्षण चिठी दराजमा थन्क्याएर तपाईं पैसा जोड्न गर्न थाल्नु हुन्छ होला। किनभने तपाईँलाई यो थाहा छ म पैसा चाहिएपछि मात्र चिठी लेख्छु र मलाई यो थाहा छ चिठी पाएपछि मात्र चिठी लेख्छु र मलाई यो थाहा छ चिठी पाएपछि सबै लेख्छु र मलाई यो थाहा छ चिठी पाएपछि सबैभन्दा पहिला मलाई पैसा पठाएर मात्रै तपाईं अन्य काममा हात लगाउनु हुन्छ। तर आज परिस्थिति भिन्न हुनेछ। जब तपाईं एकमुष्ट पैसा जम्मा गरेर दराजमा थन्क्याएको चिठी पढ्न थाल्नु हुनेछ। दिदी र भाइले हामीबाट विदा लिए पश्चात् मेरी एकलौटी आमा तपाईं आफैँलाई चिमोट्नु हुनेछ।

तपाईंलाई विश्वास लाग्नेछैन तपाईं भ्रममा पर्नुहुनेछ सपना हो कि विपना तपाईं अत्यन्तै दंगदास पर्नुहुनेछ। किनभने यो चिठीमा पहिलाका अरू चिठीहरूमा झैं पहिलो हरफमै लेखिएको छैन ? "आमा ! खर्च सिद्धियो। सकेसम्म चाँडै पैसा पठाइदिनु होला।" सामान्य लेखाइहरू साधारण औपचारिकता तपाईंलाई यो चिठी निकै लामो लाग्ने छ र पढीसकेपछि अत्यन्तै छोटो पनि पढेर नसिद्धियोस् जस्तो पनि। तर तपाईं कतै पढ्न पाउनु हुनेछैन खर्च मागिएका वाक्यहरू। तपाईं थप दंग त यसर्थ हुनुहुनेछ जब तपाईं म जागीरे भएको कुरा पढ्न पाउनु हुनेछ। त्यो पनि मृत बाबाको सपना झैं शाखाअधिकृत पदमा।

हो मैले आजैमात्र नियुक्ति पत्र पाए र भोलि नै कार्यलयमा हाजीर हुँदैछु। अब तपाईंले पैसा पठाउनु पर्ने छैन उल्टो म तपाईंलाई पैसा पठाउनेछु। त्यतिखेर तपाईं साँच्चै खुशी हुनुहुँदो हो। धेरै पटक भित्र बाहिर गर्नुहुँदो हो। बिचरी भुन्टीको बिहे भएछ हगी ? कस्तो केटासँग परी यदि भुन्टी माईत आएकी छे भने तपाईं मेरो बारेमा सबैभन्दा पहिला उसलाई सुनाउनु हुँदो हो। बिचरी भुन्टी पनि खुशी बन्ली। उकुस-मुकुस हुँदी हो खुशीले। राम्रोसँग निन्द्रा लाग्दैन होला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसलाई र तपाईंलाई पनि रातभरी। बिहान सबेरै पँधेरोमा गएर काईली भाउजुसँग त्यसपछाडी अन्तरी काकीसँग जो जो पँधेरामा आएका छन् सबैसँग मेरो बारेमा कुरा गर्नु हुँदो हो । काईली भाउजु गद्गद् हुँदी हुन् खुशीले । अन्तरी काकी केही ईर्ष्यालुछिन् खिस्रिक्क परेर खुशी भएको अभिनय गर्दी हुन् । सबै जना आफ्नो स्वभाव र स्तर अनुसारको प्रतिक्रिया व्यक्त गर्दा हुन् । एक कान दुई कान मैदान हुँदैं म जागीरे भएको कुार क्याप्टेन र तपाइंको जेठाजुसम्म पनि पुग्दो हो । तिनीहरू रिसले लाल-लाल हुँदा हुन् र नोकरलाई बेस्सरी गाली गर्दा हुन् । अनि बाँधेको भैंसीलाई निर्मम पिट्दा हुन् । अब तिनीहरू त्यहाँ भन्दा बढ्ता के नै पो गर्न सक्छन् र ? जति गर्नु गरी सके ।

जाडोको याम बिहान सखारै उठेर आगो ताप्न अगेनुको डिलमा बस्दा तपाईंका अजम्बरी अर्तीहरू श्रद्धाका साथ शिरमा राखेर कर्तव्यपथमा लम्किरहनेछु । छोरो ठूलो भएपछि हाकिम बनाउने बाबाको सपना पूरा गरी सके यति बेला बाबाको स्वर्गिय आत्मा खुशीले गद्गद् होला । तपाइंलाई अलि अमिलो लाग्दो हो । दुःख बाँड्न त कोही साथी पाउनु भएन-भएन तर सुख बाँड्ने साथी पनि तपाईंले पाउनु भएको छैन । केवल अगेनुमाथि झुण्ड्याइएको भार र घरका भित्ताहरू तपाइंको खुशीमा समाहित हुँदा हुन् जसरी दुःखमा समाहित हुन्थे । तपाइंको मुटु गाँठो पर्दो हो । भक्कानिएर आउँदो हो मन । आँखा रसाउँदा हुन खुशीले । अतीतले बिझाउँदो हो घरीघरी । वर्तमान साह्रै नमीठो लाग्दो हो तर मेरी आमा तपाइंको साहस अदम्य छ । तपाइँ जीवन कहिल्यै हार्नु भएन । समयसँग सम्झौता गर्दै भविष्यको निम्ति बाँच्नु भयो । अझ मेरो निम्ति बाँच्नु भयो ।

अँ सधैं भन्नुहुन्थ्यो "एकदिन न एकदिन टुहुरोको दिन फिर्छ" अब धन्दा नमाने हुन्छ आमा साँच्चै टुहुरोको दिन फिऱ्यो । त्योभन्दा पनि मलाई यसर्थ खुशी लागेको छ । र अब तपाइंको फाटेको चोलीको ठाउँमा नयाँ चोली फेरीदिन सक्ने हैसियतको भएँ । आँसु त कहाँ पुछ्न सक्छु होला र ? तर केही खुशी बाँड्ने सौभाग्य प्राप्त गरे । हवस् त आमा हाम्रो विरुद्ध खाल्डो खन्ने मान्छेहरू अबबाट आफैं खाडलमा जाकिनेछन् । हाम्रो वदनाममा आफ्ना अमूल्य वाणीहरू खर्चने अबबाट लाटा बन्नेछन् । म कहिल्यै टुहुरो बनेको छैन ? तपाइंले त्यो हुन दिनु भएन ? हाम्रो खुशीमा धेरै दुःखी पनि बन्दा हुन् । तपाई खुशी बाँड्न नपाउँदा फेरी रुनुहुन्छ होला बाबालाई सम्झेर तर आमा हामी जति रुने रोई सक्यौ अब, सहज रूपमा हाँस्न सिक्नुपर्छ । उही प्यारो छोरा कुवेर ।

डाँडागाउँ-८, धनकुटा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथा

क्षयरोग

✍पद्मराज जोशी (प्रभात)
(उ.प.साहित्य समाज)

उसले जीवनको लामो समय बम्बइमा नोकरी गर्न बितायो । गाउँको बास, रोजगारको अभाव एक छाक खाना र एक जोड लुगा लगाउन समेत धौ-धौ। गाउँघरको समाजको अगाडी छोराछोरी घरपरिवार सबै नाङ्गा-नाङ्गै भोकभोकै भैरहेको अवस्थामा अब यस्तो जीवन कति दिनसम्म काट्न सकिन्छ, यसरी घर बसी मुखदर्शक भएर निर्वाह चल्दैन यस्तै-यस्तै तर्क वितर्कहरू मनमा खेलाउँदै ऊ विदेशिएको थियो । घर परिवारबाट टाढा बस्नु परेको चिन्ता एकातिर थियो भने राति र दिउँसो गरी (रातपालो र दिनपालो) नौकरी गर्न थाल्यो ऊ । अलि-अलि सुत्थ्यो कहिले खाने कहिले भोकै बस्ने, कहिले बासी खाना खाने आदि तरि काले पैसा जम्मा गर्‍यो उसले । केही समय पश्चात् उसले बम्बइबाट घर आउने बम्बइवालाहरू सइका केटाकेटीलाई लुगा फाठो र केही नगद रुपैयाँ नासो पठायो । मनमा केही सन्तोष लिएर फेरि पूर्ववत् अवस्थामा नोकरी गर्न थाल्यो । केहीवर्ष पछी नोकरीबाट कमाएको रुपैयाँपैसा जम्मा गरेर ऊ घर आयो । त्यहाँ उसले ५ रोपनि पाखो जग्गा किन्यो । पाखो जग्गा मकै राम्रै फल्ने बारी थियो । तर वनको नजिकै हुंदा बाँदरले आएर मकै तोडफोड गरी खान्थे । उसका जहान बच्चाले त्यो बारीको हेरचाह राम्रैसङ्ग गर्थे । घरमा उत्पादन गरी खाने जग्गा किनेपछि ऊ फेरि वम्बइ गयो । पूर्ववत् अवस्थामा पुनः नोकरी गर्न थाल्यो । यता घरमा बाली लगाउने गर्थे उसका परिवारले । समयको अन्तरालसँगै छोरा पनि दिन प्रतिदिन तन्नेरी हुँदै गयो । अब त बाँदर र चराहरू धपाउन एक फाटो कन्टर लिएर एक हातमा टिनको कन्टर र अर्को हात्मा सानो काठको लठ्ठी समाति त्यो फाटो कन्टरमा ठटाउँदै अहह गर्दै कन्टर ठटाउँथे त्यो इजरमा बजेको कन्टरको आवाजले मेला-पाखा नै रन्कन्थे । अब उसको परिवारमा र माइलो लाग्न थाली सकेको थियो । ५ वटा छोराछोरी मध्ये दुईवटा छोरीको पोहर र परार गरी विवाह गरिदियो उसले । अब ऊ सइका ३ भाइ छोराहरू एक श्रीमती र आफू समेत जम्मा पाँचजना परिवार हुन्छन् उसका ।

एकदिनको कुरा हो, ऊ घर आएको अवस्थामा आफ्ना छोराहरूलाई बोलाएर उसले भन्यो "बाबू अब म त बूढो पनि भैसकें, बम्बइमा एक्लो बस्दा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बस्दा हैरान भैसकें मलाई आजभोलि त्यति सन्चो पनि छैन अब तिमीहरू केही कमाउने कोशिस गर। बम्बइमा कहिले खाने कहिले नखाने कैले-कैले त मैले तीन दिन पछिमात्र दाल रोटी खान्थे। के गर्ने अब त्यही निस्कन थाले जस्तो छ। अब ठूलो बम्बइ जा तेरा भाइहरू घरमा कामकाज गर्छन्। म पनि अब सन्चो नभएसम्म यहीं बस्छु। सन्चो लागेपछि जस्तो लाग्यो उस्तै गरौंला।"

उसले यसरी जेठो छोरालाई बम्बइ पठायो। आफू घरमा बस्न थाल्यो। बम्बइमा उसको अव्यवस्थित बसोबास (रहन-सहन) र खानपानले उसलाई विरागले च्याप्दै ल्यायो। मन्दमन्द ज्वरो आउन थाल्यो। खकारबाट कहिलेकाहीं रक्त आउन थाल्यो। भुस्भुसे खोकि लाग्न थाल्यो। जिउको तौल घट्दै गयो। यसरी ऊ थला पऱ्यो। गाउँबाट देउता सोध्न धामी खोजी ल्यायो। गाउँका अरू बूढापाका सबैलाई आज देवता बसाल्नेछु एकपल्ट आइदिनु होला भने खबर पठायो। सबै घरमा आए। धामीले पनि हात खुट्टा धोयो। धामीले अगाडि पर ालको गादि बनायो। अर्को सानो गादी वलि पार्नको लागि बनायो। एक छाप्रोमा एकमाना चामल राख्यो, उसमाथि एक दियो र त्यसमा तेल वली पनि राखेर ल्यायो। सल्लाको झर्झर् झर् गरी बल्ने सानो चोइटो आगोमा सल्काएर त्यो झोरोले बिस्तारै धमिलो बत्ती बाल्न थाल्यो र देवतालाई पुकार गर्दै भन्न थाल्यो। "हे प्रभु परमेश्वर, कालिका मालिकादेखि तमी दाइनी भया। यइका मनको धोको पूरा अद्ध दूदको दूध पानीको पानी धेकाइ दिया" भनी बत्ती बाल्यो। सबै गाउँका मानिसहरू धामी सोध्न जम्मा भएका थिए। सबैले हे प्रभु परमेश्वर भन्दै बत्ती बालेठाउँतिर फर्केर ढोगेका थिए।

धामी एकैछिन घोरिएर बसे। बसेको पाँच मिनेटपछि जङ्ग गर्दै एक झट्का कामेपछि तुरुन्तै रह्यो। फेरि चार मिनेटपछि अर्को झट्का आयो। फेरि त्यहाँ बसेका सबै भन्न थाले बलियोले नै समातेको रहेछ। त्यसैले देवता पनि एक्लै आउन सकिरहेको छैन। आफ्नो दलबल समेत आउने विचारले होला। यस्तैयस्तैं तर्क गरे सबैले धामीले पनि मुखले त्यसैमा सहमतिसाथ पुनः धामीले भन्यो "आज के भयो अलि अप्ठ्यारो मानिरहेछ, यहाँ नजिकमा हलो, फालो, सुप्पो, चाल्लो केही छ भने हटाउनु पऱ्यो" भन्यो। त्यसको नजिकैमा छालाले बरेको सुप्पो र चाल्लो राखेको रहेछ धामीले त्यो बस्ने बित्तीकै देखिसकेको रहेछ। त्यो सुप्पो, चाल्लो एक जनाले त्यहाँबाट अन्यत्रै सारीदियो। तर धामीलाई गुद् गुद् गरी राम्रै सडक देवता आयो। अह .... गीर धामीले लामो स्वरमा आवाज गऱ्यो। (कलाहाल्यो) र पुछ्राइ सुरु गऱ्यो। "अऽअ हेद्दै, अ-अ हेद्दै तेरा पितरि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वा औताली हुन लागि अब म अपुतै मद्रदोम्या क्या' अरु क्या हरू मेरो त सन्तान भयस, हे कालीका मालीका मात मैलाई सन्ताउन देव, म तमीलाई पंचवली दिउला भनी भक्कल हऱ्योको, भक्कल पूरा नहऱ्याइ तेरो पिता दलीग्यो, अब अक क्यालाग्यो हो भन्नै अब लड् लाग्यो" भोलि प्रभात पेलो फिजिन्या बेला (घामपर्ने बेला) हणमुण धुयइ रे एक हरियो स्याउलो २ टिला (पैसा) पर छुट्याइ दिएर, हे प्रभु परमेश्वर मैलाई निको होउ म तमलाई पंचवली चढाउला बामन बोलाई पट २ रूपैयाँको चण्डीपाठ पनि अराउला आज धेकी मलाई छन् छनानो निको होउ भनीपट मण्राणा भैसी पर सारेइ निको होइजाला, मभन्दा पच्छयौंणो भयाँ" भन्दै धामीले आफ्ना बखानहरू बन्द गऱ्यो । उसले पनि धामीले भने जस्तै बानो बन्दक गऱ्यो । दशैंको समय नजिक आइपुगेको थियो । दशैंमा एक राङ्गो, एक बोका, एक कुखुरा, एक कुबिण्डो, एक काँक्रो गरी पंचवली तयार गऱ्यो ब्राह्मणद्वारा २ रूपैयाँ दिएर २ अध्याय चण्डी पाठ पनिं गरायो । तर उसलाई ठिक भएइन । अलिकति भएको रकम कलम राङ्गो बोकोमा खर्च गऱ्यो । अब उसङ्ग पैसा पनि रहेन । उसले आफ्नी श्रीमतिलाई भन्यो "एकपल्ट मलाई डाक्टर कहाँ लगिदेऊ न त्यो पंचवलीले मलाई केही पनि फरक परेन," भन्दै गिड गिडायो । श्रीमतीले पनि अलि कर्जा झिकेर डक्टरकहाँ लगि दिइन् । डक्टरले रगत जाँच गऱ्यो, छातिको एक्सरा गऱ्यो, खकार पनि जाँच्यो । सबै रिपोटहरू आय, डक्टरले रिपोटको अद्यन गऱ्यो । डाक्टरले भन्यो, "तपाईंलाई त टि.वि. (क्षयरोग) भै सकेको रहेछ । तपाईं समयमा आउनु भएइन । अवत फोक्सो पूरै छिया-छिया पारेको छ । यसको लागि यदि तपाईंले समयमा त्यो पंचवली देवीलाई दिनुको सट्टा धामी झाँक्रीको विश्वासमा नपरी हामीकहाँ एकपल्ट जँचाउनसम्म आएको भए । उमयको उपचारले यो रोग निको हुने थियो । तपाईंलाई औषधि किन्न पैसा पनि चाहिने थिएन । फेरि हामीले हाम्रो देशमा डट्स कार्यक्रम चलाएका थियौं । हाम्रो कर्मचरीले दैनिक तपाईंको घरमा गएर औषधी गर्नुपर्ने हो त्यो किटाणुले हाम्रोभन्दा छिटो आफ्नो काम गरिसक्यो । अब यो औषधी लिएर जानुहोस् । यसले अलि ठिक भयो भने फेरि आउनु होला" । भन्दै भिटामिन वि. कम्पलेक्स र खानिक लेखिदियो । यी सबै कुरा डाक्टरले उसको श्रीमतीलाई अलग बोलाएर भनेको थियो । त्यो औषधि किनेर ऊ घर गयो । केही दिनपछि टि.वि. रोगका काख उसको मृत्यु भयो । गाउँका सबै मानिस धामी, पाठगर्ने ब्राह्मण पंचवली गर्ने सर्ने उसका मलामी भए । अस्तु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालकथा

माफ पनि वरदान

✍अरुणबहादुर खत्री 'नदी'

एकादेशमा एउटा गाउँ थियो । गाउँमा तीनजना रामशरण, मधुकर र विमल नाम गरेका बदमास केटाहरू थिए । उनीहरू स्कुलमा पढ्न जादैन थिए । अरूलाई हीननोक्सानी पुऱ्याएर रमाइलो गर्नु उनीहरूको बानी नै थियो । गाउँमा अर्काको बारीमा फलफूल चोरेर खानुलाई उनीहरू रमाइलो मान्दथे ।

एकरात उनीहरू बदमासी गर्ने दाउ बनाएर गाउँ घुम्दै थिए । त्यसबेला कुनै फलफूलको पनि मौसम थिएन । अब के गर्ने भनेर उनीहरू तीनैजना मिलेर बदमासी गर्ने योजना बनाउँदै थिए । केही बदमासी नगरी आजको निद्रा नालग्ने भयो भनेर गाउँको घर-घर, बारी-बारी चाहार्न थाले । त्यसपछि उनीहरूले गाउँको एउटा धनी महाजनको घरको ढोका फोड्न थाले । त्यस धनी महाजनको घरको वरिपरिकाले ढोकामा हानेको आवाज सुनेर चोर आयो चोर आयो भनेर कराउन थाल्दा सबै उठेर आएर र उनीहरूलाई समात्न सफल भए । गाउँलेहरूले उनीहरू तीनै जनालाई नजिकैको प्रहरी थानामा लगेर बुझाइदिए । अनि तीनैजनाले रोई कराई गर्न थाले 'पुलिस दाइ हामीलाई माफ गर्नुस् अब आयन्दा यस्तो काम हामीहरूले कहिल्यै पनि गर्ने छैनौं ।'

पुलिस दाइले यो एकचोटीलाई तिमीहरूलाई माफ नै भयो । अब फेरि यस्तो गऱ्यौ भने चाहिँ तिमीहरूलाई म सधैँभरि यहाँ ल्याएर थुनेर राख्छु नि भनेर थुनाबाट मुक्त गरिदिए । प्रहरीको कुरा सबै सुनेपछि ती तीनैजना सदैव सत्कार्यमा लाग्ने प्रण गरेर आ-आफ्नो बाटो लागें ।

-सामाखुशी, काठमाडौं

५१ औं राष्ट्रिय प्रजातन्त्र दिवसको
शुभ-उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना
व्यक्त गर्दछौं ।

कृषि विकास बैंक परिवार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाटंक

कालो आकृति

गोपी सापकोटा

(औशीको रात, चकमन्न वातावरण, रङ्गमञ्चको मध्य-भागमा केही आकृतिहरू एकै ठाउँमा एकत्रित भई बसेका छन् । बिस्तारै एउटा अनौठो धून बज्न थाल्छ, हुरी चलेको जस्तो - पानी परेको जस्तो र आगो बलेको जस्तो ।)

ती आकृतिहरू बिस्तारै चलमलाउन थाल्छन् । एउटा आकृति दायाँ तर्फ पछाडी उभिन्छ, अर्को आकृति बायाँ तर्फ पछाडि उभिन्छ क्रमशः अन्य दुई आकृतिहरू अगाडी दायाँ बायाँ गरी उभिन्छन् । मध्यभागमा एउटा आकृति रहन्छ । सबै आकृतिहरूले मास्क लगाएका छन् । आकृति–१, २, ३, ४ ले काला लुगा लगाएका छन् भने मध्यभागको आकृतिले केही फरक लुगा लगाएको छ ।

(अनयास ती मास्क लगाएका आकृतिहरू रङ्गमञ्चको अग्रभागमा आउँछन् र एक-एक वटा मुद्रामा उभिएर सामूहिक स्वरमा भन्न थाल्छन् ।)

सवैजना : "जन्मन्छन् मान्छेहरू अनेकौं सपना बोकेर यहाँ
सपनाहरू मर्दछन् त्यसै स्वार्थले छोपेर यहाँ
अनि जन्मन्छन् काला आकृतिहरू मान्छेको रूपमा
र बन्दछन् लोक कथाहरू व्यथाको प्रचण्ड धुपमा"

(एक्कासी आकृति –५ बिस्तारै पाडी सर्न थाल्छ र एउटा अग्लो ठाउँमा गएर उभिन्छ । यतिन्जेल मूर्तिवत् खडा अन्य आकृतिहरू झस्कन्छन् र अग्लो ठाउँमा उभिएको आकृतिलाई ढोग्छन् ।

आकृति –५ ले आफ्नो मास्क झिकेर एउटा किलामा झुण्ड्याउँछ । आकृति –५ एउटा स्त्रीको रूपमा देखापर्छ । उक्त स्त्री अब एउटा ग्रामीण युवतीमा परिणत हुन्छे । आकृति –५ को नाम अन्जना भनी नामाकरण गरौं । अन्जना अर्थात् एउटा सामान्य युवती देखेर अन्य मास्क लगाएका आकृतिहरू – १, २, ३, ४ को मष्तिष्कमा गलत विचारहरू जन्मन थाल्छ भनौ उनीहरू त्यो एक्ली युवतीलाई आफ्नो वशमा पार्न खोज्छन् ।

यतिखेरसम्म मध्यभागमा ठिङ्ग उभिएकी युवती अन्जना चार जना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनौठा प्राणी देखेर झस्कन्छे । आकृति –१ ले युवतीलाई डोरी ताने झैं तान्छ, युवती त्यतै तानिन्छे । यसैगरी आकृति –२, ३ ४ ले पनि यही क्रम दोहोऱ्याउँछन् । युवती हुत्तिएर मध्यभागमा गएर पछारिन्छे, छटपटाउँछे र अनेक हाउभाउ गर्छे । आफ्नो अस्मिता जोगाउन ऊ कहालिन्छे, रुन्छे । युवतीको चित्कार सुनेर ती चार आकृतिहरू हराइसकेका हुन्छन् ।)

(युवती मध्यभागमा उभिएर चिच्याउन थाल्छे ।)

युवती (अन्जना) – मार ! मलाई मार ! नरपिशाचहरू हो ! मलाई मार । मलाई लुछ, आऊ । किन भाग्यौ तिमीहरू ! तिमीहरू सबै लाक्षी हौ । नामर्द हौ तिमीहरू । एउटा निरीह नारीको अस्मितासँग खेलवाड गर्न खोज्ने तिमीहरू मान्छे हुन सक्दैनौ । तिमीहरू मान्छेको नाममा कलंक हौ, राक्षस हौ तिमीहरू । (रुन्छे) र ाक्षस हौ तिमीहरू ।

(एउटा बूढो मान्छेको प्रवेश, ऊ खोकिरहेको छ । झट्ट हेर्दा त्यो बूढो त्यही गाउँको रैथाने, विरामी-अशक्त-रोगी जस्तो देखिन्छ ।)

बृद्ध – (खोक्दै) यसरी सुनसान रातमा सुक्क सुक्क रोइरहने तिमी को हौ नानी ? *(युवती बोल्दिन)* किन बोल्दिनौ नानी । को हौ तिमी ? *(खोक्न थाल्छ)*

अन्जना – म हुँ बुबा । म तपाईंकी प्यारी नानु अन्जना । देख्नु भो बाबा तपाईंले पनि मलाई चिन्न छाड्नु भो । बिस्तारै मलाई सबैले चिन्न छाड्नेछ, म यहाँका काला आकृतिहरूले बिस्तारै कुरुप बनाउनेछन् । त्यसपछि मैले मलाई नै चिन्न छाड्नेछु बुबा ।

बृद्ध – नानी तिमी ! तिमी के भन्दैछौ ? कस्तो कुरा गर्दैछौ ? फेरि तिमीले यो कस्तो रूप बनाएकी ? के भयो तिमीलाई ?

अन्जना – के भएन भनेर सोध्नुस् न ? यहाँ धेरैथोक भइसक्यो ती राक्षसहरू फेरि आएका थिए । मलाई मार्नका लागि, मलाई लुट्नका लागि ....।

बाबा – त्यसो भए, फेरि एउटा अमानवीय दुष्प्रयास गरियो । फेरि एउटा चेलीको व्यथामा हाँसो उडाउने प्रयास गरियो । हैन ती कहाँबाट आउँदा रहेछन् ।

अन्जना – ती व्यक्तिहरू सारै डरलाग्दा हुन् बुबा । उनीहरू समाजभित्रै अदृश्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर बसेका हुन्छन् । उनीहरू साधुको भेषमा सन्तको खोल ओढेर समाजभित्रै सम्मानित जीवन बाँचिरहेका हुन्छन् ।

बाबा – बुझ्यौ नानी पछि म तिनीहरूलाई भेटें भने दुई टुक्रा पारिदिन्छु ।

अन्जना – भो बुबा । तपाईंसँग अब त्यति तागत कहाँ छ र ? आफ्नो तागत जति त तपाईंले विदेशी भूमिमा, अरूको लागि युद्ध लडेर रित्याइ सक्नुभएको छ ।

बाबा – तिमी, तिमी भन्दैछौ यो कुरा । तिमीले पनि मलाई अब वचन लगाउन थाल्यौ हैन ! *(एक्लै)* हुन पनि हो, मैले आफ्नो सम्पूर्ण रगत, पसिना विदेशको भूमिमा बगाएँ । त्यो पनि केवल पैसाको लागि । त्यसबेला मेरो लागि पैसाभन्दा ठूलो कुरा अरू केही थिएन । मैले पैसाकै लागि यो खुट्टा पनि गुमाएँ । अनि मैले कमाएको पैसाको बाढीले मेरै संसार बगाएर लग्यो । मेरी श्रीमतीले मलाई छोडेर गई, मेरी छोरीले आत्महत्या गरी, मेरो छोरो कुलतमा फस्यो .... । उसले मलाई बाबुको श्रेणीमा राख्दैन । मेरा सन्तानहरूले नै मलाई देखेनन् भने तिमी को हौ र ? तिमी त मेरी छोरी समानकी हौ तर हेर म तिम्रो ऋणी हुन चाहन्न । म मेरो लागि कसैले दुःख गरेको हेर्न चाहन्न । तिमीले ठिक भन्यौ । मसँग अब तागत छैन, तागत छैन *(खोक्न थाल्छ, खोक्दा खोक्दै बेहोश झैं हुन्छ ।)*

अन्जना – बुबा ! बुबा ! के भयो तपाईंलाई ! आँखा खोल्नोस् न बुबा ! मैले तपाईंलाई त्यसो भन्न खोजेको होइन बुबा ! गल्ती भो ।

बाबा – हैन नानी ! गल्ती तिम्रो हैन । गल्ती त समयको हो । समयले नै मान्छेहरू जन्माउँछन्, समयले नै मान्छेलाई तिमी, म अनि राक्षसहरू बनाउँछन् *(खोक्न थाल्छ)*

अन्जना – बुबा । हिड्नोस् रात निकै बितिसक्यो । यस्तो खराब मौसममा यहाँ बस्नु पनि उपयुक्त छैन । *(अन्जनाले बाबालाई सहारा दिएर उठाउँछे र रङ्गमञ्चको एक छेउमा रहेको साङ्केतिक घरको ओछ्यानमा लगेर बसाल्छे ।)*

अन्जना – बाबा ! एकछिन बस्दै गर्नुस् है म एकछिन बाहिर पुगेर आइहाल्छु ।
(अन्जनाको प्रस्थान)

(एउटा हुल्याहा खालको युवक विवेकको प्रवेश जो बेरोजगार छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो बाबुको कमाइ खान बाध्य छ तर ऊ कुलतमा पनि फसेको छ। ओछ्यानमा बाबाबालाई सुतेको देखेर, नजिक जान्छ र बाबालाई घचघच्याउँछ)

विवेक – वुबा। आज अलिकति पैसाको खाँचो पऱ्यो। त्यसैले ....

बाबा – के रे। तँ नालायकलाई पैसा चाहियो रे। के तैंले यहाँ पैसा फल्ने रुख देखेको छस् र !

विवेक – बुबा ! तपाईं पनि त्यसै रिसाउनुहुन्छ। हेर्नुस् एकदिन म पनि टन्न पैसा कमाउँछु र पैसाकै रुख बनाएर तपाईंलाई दिन्छु। बरु अहिले अलिकति पैसा चाहिएर पो ....।

बाबा – पैसा ? किन चाहियो तलाईं पैसा ?

विवेक – आज एउटा साथी सिरियस बिरामी भएर हस्पिटल लगेको छ त्यसैले ....।

बाबा – ओहो तँ त्यस्तो महान् कहिलेदेखि भइस्। यहाँ तेरो बाऊ म बिरामी भएर ओछ्यान बसेको महिनौं भइसक्यो तर तैंले कहिल्यै सन्चो बिसन्चो सोधेको छैनस्। तर आज एउटा साथीको लागि यत्रो त्याग, यत्रो मिहिनेत, यत्रो दौड़धुप ....। वाह छोरो त धन्य रहेछस्।

विवेक – बुबा। बोर नगर्नोस् न। मलाई पैसा चाहिएको छ। ल मलाई त्यसै चाहिएको छ भयो त !

बाबा – त्यसै रे किन त्यसै ! ड्रग्स खान, कि केटी घुमाउन। हेर म तलाई एक पैसा दिन्न।

विवेक – किन नदिने !

बाबा – किन दिनु र ?

विवेक – म तपाईंको एक्लो सन्तान हुं आखिर तपाईंको शेष पछि यो सम्पत्ति खाने पनि मै हुँ क्यारे।

बाबा – यो गलत सोचाई हो तेरो। म तलाई यो सम्पत्ति दिन्न। जसले मेरो राम्रो हेरविचार गर्छ उसैलाई दिन्छु।

विवेक – ए उसो भए यो सम्पत्ति त्यही नकच्चरी अन्जनालाई दिने विचार गर्नु भो होइन।

बाबा – *(चिच्याउँदै)* विवेक ! तँ नालायक पाजी। विचरी त्यो निरीह प्राणीलाई किन गाली गर्छेस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवेक – ए उसोभए म नालायक भएँ तपाईंको नजरमा र त्यो एउटा काम गर्ने केटी तपाईंको लागि महान भई हैन। ठिक छ म पनि हेर्छु कसरी त्यसले मेरो भाग खोस्दी रहिछे। यदि यस्तै हो भने म कसैलाई बाँकी राख्दिन।

बावा – ए उसो भए तँ मलाई पिट्छस्, तँ मलाई हिर्काउछस्, आफ्नो जन्मदिने बाबुमाथि तँ हात उठाउछस्। ठिक छ ल हिर्का मलाई, ल हिर्का। *(युवकलाई अठ्याउन खोज्छ र एक झापट हिर्काउछ)* तँ मलाई हिर्काउछस् हैन। मैले तिमीहरूकै लागि यत्तिका दुःख गरें, नत्र मलाई मात्र के को चासो ? तर आज तैंले नै मलाई हिर्काउने *(खोक्न थाल्छ, खोजिरहन्छ, लड्छ)*

विवेक – बुबा। बुबा *(उठाउन खोज्छ)*

बावा – भो' पर्दैन मलाई छुन। जा तँ। मेरो नजरबाट टाढा जा। (खोक्न थाल्छ) ए तँ जान्दैनस् हैन। ठिक छ त्यसो भए म नै जान्छु टाढा, तेरो सामुन्ने म बस्दिन, एक पल बस्दिन *(प्रस्थान)*

विवेक – हो हो जानुस्। कहिले पो बस्नु भो' र मसँग म त हिजो पनि एक्लो थिएँ आज पनि एक्लो छु र भोलि पनि एक्लै हुनेछु। म जस्ता बेरोजगार युवकहरू जहिले पनि एक्लै हुन्छन्। मेरा बाबुबाट म आज तिरस्कृत भएँ। सायद म जस्ता धेरै युवकहरू आफ्ना बाबुहरूबाट तिरस्कृत हुन्छन्। यदि बावुले छोराको हेरचाह गर्न नसक्ने हो भने किन जन्माउछन् म र हामी जस्ता छोराहरूलाई।
के म बेरोजगार हुनु नै मेरो दोष हो ? के म जन्मनु नै मेरो दोष हो ? यदि यस्तै हो भने एकदिन म बाध्य हुनेछु कालो आकृति बन्न। त्यसपछि म राक्षस हुनेछु। हा हा हा राक्षस।

दिनेस – *(युवक विवेकको काधमा हात राख्दै)* सुन्नोस् त !

विवेक – *(झस्कँदै)* को ! को हौ तिमी ?

दिनेश – म, म यही प्रश्न गर्न लाग्दै थिएँ। को हुनुहुन्छ तपाईं ?

विवेक – म, म कोही पनि हैन। किन चाहियो तिमीलाई ?

दिनेश – हैन भाइ ! म दिनेश विक्रम हुँ। यस गाउँमा पहिलो पटक आउँदैछु। मलाई तपाईंको मद्दत चाहिएको छ।

विवेक – मेरो मद्दत रे। किन चाहियो मजस्ता तिरस्कृत युवकको मद्दत। म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त एउटा तिरस्कृत युवक हुँ । बाबुबाट तिरस्कृत, समाजबाट तिरस्कृत अनि आफैंबाट तिरस्कृत । मसँग केही पनि छैन । मसँग एक पैसा छैन । म तंपाईंलाई केही मद्दत गर्न सक्दिन ।

दिनेश – हैन भांइ ! मलाई पैसा चाहिएको हैन । बरु मलाई मद्दत गर्नु भो भने म नै तपाईंलाई पैसा दिनेछु ।

विवेक – के रे ! के भन्नु भो ? तपाईं मलाई पैसा दिनुहुन्छ ?

दिनेश – हो । किन विश्वास लागेन ।

विवेक – अँह । मलाई अझै विश्वास लागेन । मलाई अब कसैको पनि विश्वास लाग्दैन ।

दिनेश – हेर्नुस् तपाईं आफ्नो परिचय त दिनोस् ।

विवेक – (केही शान्त हुँदै) म विवेक । यसै गाउँको युवक हुँ । भन्नुस के चाहनुहुन्छ तपाईं ?

दिनेश – विवेकजी ! म समाजसेवी हुँ । म यस गाउँका केही परम्पराबारे जान्न चाहन्छु । यसै सिलसिलामा म यहाँ आएको हुँ । यहाँ के कस्ता मान्छेहरू बस्छन् र फेरि उनीहरूको जीवनचर्या कस्तो छ भन्ने बारे म खोजी गर्न चाहन्छु । र उनहरूलाई सहयोग गर्न चाहन्छु, उनीहरूको जीवन स्तर उकास्न चाहन्छु ।

(अन्जनाको प्रवेश)

अन्जना – *(बाबालाई नदेखेर)* विवेक बुबा खै !

विवेक – तँ फेरि यहाँ आइस् । तलाईं किन चाहियो बुबा ।

अन्जना – त्यसो नभन विवेक बुबा निकै बिरामी हुनुहुन्छ ।

विवेक – बिरामी परे मलाई के खाँचो, गयो होला नि कतै ।

अन्जना – यो के भन्दैछौ तिमीं ! यस्तो चिसो माघको जाडोमा बुबा कता जानु भो । हेर विवेक बुबालाई केही भयो भने तिमीलाई पक्कै पाप लाग्नेछ ।

विवेक – तँ मलाई पाप र धर्मको कुरा सिकाउँछेस् । गइहाल यहाँबाट अन्यथा ...... ।

अन्जना – के गर्छौ मलाई ! यहाँ काट्छौ । के भर यस्ताको आफ्नो जन्म दिने बाबुको त ख्यल नगर्नेलाई मलाई के बाँकी राख्ला र !

विवेक – *(चिच्याउँदै)* अन्जना !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्जना – धेरै ठूलो स्वरले चिच्याउनु पर्दैन विवेक । सत्य जहिले पनि तीतै हुन्छ । म त केवल यति मात्र भन्न चाहन्छु । अझ पनि केही बिग्रिएको छैन ।

विवेक – अन्जना ! तँ जान्छेस् कि .... ?

अन्जना – म यहाँ बस्न पनि चाहन्न र बस्ने रहर पनि छैन ममा । तर, तर म बाबालाई त्यसै मर्न दिन्न । म उपचार गर्नेछु, जसरी भए पनि । (रिसाउँदै प्रस्थान)

विवेक – जा जा ! तँ गए पनि केही बिग्रदैन । *(शान्त)*

दिनेश – हैन को हुन् ती युवती । निकै चर्का चर्की भयो नि ।

विवेक – को हुनु नि कतै नभएकी नकच्चरी हुन् । हेर्नुस् त मेरो सम्पत्तिभा आँखा गाडेकी छे । मेरो बाबा पनि उस्तै यसको कुरा सुनेर मलाई नै तिरस्कार गर्ने .... । तर म त्यसै छाड्दिन ।

दिनेश – धैर्यले काम लिनोस् विवेक भाइ मान्छे भएपछि गल्ती त हुन्छन् नै । बरु त्यो केटी भने निकै काम लाग्ने देखें मैले ।

विवेक – के भन्नु भो तपाईंले ?

दिनेश – मेरो मतलव, मेरो समाजसेवी संस्थामा यस्तै खाले बोल्न सक्ने युवतीहरू चाहिएका छन् । के तपाईं कुरो मिलाउन सक्नुहुन्छ ?

विवेक – *(निकै बेर घोरिन्छ)*

दिनेश – के सोच्दै हुनुहुन्छ तपाईं ? हेर्नुस् पैसाको कुनै चिन्ता नलिनुस्, म जति पैसा खर्च गर्न पनि तयार छु ।

विवेक – ठिक छ । तर मलाई यसबाट के फाइदा हुन्छ ?

दिनेश – म तपाईंले भने जति रकम दिन तयार छु ।

विवेक – साँच्चै हो । उसो भए सम्झनुस तपाईंको काम पक्का भो । लौ हिंड्नोस् अहिले कतै बसेर कुरा गरौं *(दुवै प्रस्थान गर्छन्)*

....

(बाबालाई डोऱ्याउँदै अन्जनाको प्रवेश)

अन्जना – बुबा ! तपाईं विवेकको भनाइमा लागेर यसरी घरै छाडेर जान हुँदैन । के गर्नु, उसको बोली नै त्यस्तो छ । मान्छे त नराम्रो मनको होइन ।

बाबा – है नानी । तिमीले त्यसलाई राम्ररी चिनेका छैनौ । मैले त्यसको स्वभाव राम्ररी बुझेको छु । त्यो गलत साथीहरूको संगतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फसिसकेको छ।

अन्जना – तर बुबा, तपाईंको निम्ति म छु नि। म हेर्छु तपाईंलाई, म गर्नेछु तपाईंको उपचार।

बाबा – तर कतिन्जेल नानी ! एकदिन तिमी पनि पराइको घर जानै पर्छ। त्यसपछि त म फेरि एक्लो हुनेछु।

अन्जना – बुबा ! त्यसो नभन्नोस्। म तपाईंलाई छाडेर जान्न।

बाबा – नानी ! तिमी किन मेरी छोरी भएर जन्मिनौ ? अर्को जुनीमा म भगवान्सँग तिमी नै मेरो एक्लो सन्तान भएर जन्म भन्ने चाहन्छु।

अन्जना – बुबा ! म तपाईंकी छोरीको रूपमा नजन्मदैमा तपाईंकी छोरी हुन्न र ! मेरो यस संसारमा को छ र ? मैले त बाबा भने पनि आमा भने पनि तपाईंलाई नै ठानेकी छु। म जस्ती अभागिनी, अनाथलाई पालेर, हुर्काएर नयाँ जीवन दिनु हुने तपाईं मान्छे हैन, देवता हो बुबा।

बाबा – हैन नानी ! मलाई देवताको नाम नदेऊ। देवता त सबैभन्दा ठूला हुन्।

(विवेकको प्रवेश)

बाबा – तँ फेर आइस् यहाँ ?

अन्जना – बुबा ! तपाईं यो के भन्दै हुनुहुन्छ ?

विवेक – हैन बाबालाई आज बोल्न दे अन्जना। वास्तवमा म नै गलत थिएँ। बाबा ठिक भन्दै हुनुहुन्छ। मैले यहाँ आउने अधिकार गुमाइसकेको छु। बाबा ! म आफ्नो गल्तीको प्रायश्चित गर्न चाहन्छु। मैले तपाईंलाई, तपाईंको आत्मालाई धेरै चोट पुऱ्याएँ, मलाई माफ गर्नोस्, बाबा ! मैले गलत बाटो र लक्ष्य अपनाएको रहेछु।

बाबा – विवेक म यो के सुन्दैछु। के साँच्चै तैंले आफ्नो गल्ती महशुस गरिस्। के यो सपना त होइन ?

विवेक – यो सपना होइन, बिपना नै हो बाबा। अन्जना अब तिमीलाई पनि नचाहिंदो भन्दिन। तिमी मेरी प्यारी बहिनी बन्यौ आजदेखि।

अन्जना – विवेक। साच्चै आज म निकै खुशी छु।

विवेक – मैले अनाहकमा तँलाई नचाहिंदो कुराहरू भनें मलाई माफी दिनुस्।

अन्जना – दाजुले पनि बहिनीसँग माफी माग्नु पर्छ र !

बाबा – हो विवेक ! ढिलै भए पनि त सद्धे भएर घर फर्किस् यही नै हाम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि खुशीको कुरा हो ।

विवेक – बुबा म एउटा अर्को कुरा पनि गर्न चाहन्छु तपाईंसँग ...... ।

बाबा – भन्न के कुरा हो ।

विवेक – अन्जना । तिमी एकछिन भित्र जाऊ त । *(अन्जनालाई इशारा गर्छ, अन्जनाभित्र जान्छे)*

बावा – ल भन के भन्न चाहन्छस् तँ ।

विवेक – बुबा ! तपाईंले अन्जनाको बारेमा के सोच्नु भएको छ ?

बाबा – मतलव के हो तेरो ?

विवेक – बुवा ! अन्जना अव ठूली भइसकी । अव अन्जनाको बिहे गर्ने बेला भइसक्यो ।

बाबा – *(एक्लै)* हो यो कुरा मैले पनि महशुस गरेको छु । तर भनेर कहाँ पुग्छ । समय र परिस्थिति पनि त मिल्नु पऱ्यो ।

विवेक – बुबा ! म अर्को कुरा भनुँ है त । तपाईंले कुनै चिन्ता लिनु पर्दैन । मैले केटा खोजिसकेको छु ।

बाबा – विवेक ! के तँ सत्य बोल्दैछस् ।

विवेक – हो बुबा ! मैले अन्जनाको लागि उटा असल केटा खोजिसकेको छु, ऊ पढे लेखेको छ, शहरमा जागिरे छ ।

बाबा – तर विवेक यो सवै त ठिकै छ, एक पटक अन्जनालाई पनि यसबारे सोध्नुपर्छ ।

विवेक – अन्जनालाई सोध्नै पर्दैन बाबा ! त्यस केटामा कुनै पनि अवगुण छैन, मैले राम्ररी चिनेको छु । यदि चाहनु हुन्छ भने म उसलाई यहीं ल्याउने छु ।

बाबा – ऊ यहीं छ र !

विवेक – हो बुबा ऊ आजै आएको यहाँ । म ल्याऊँ उसलाई यहाँ ?

बाबा – हुन्छ जा । तर अँ अन्जनालाई भित्र पठाइदे त ! म उनीसँग यस बारेमा कुरा गर्दै गर्छु ।

....

(विवेकको प्रस्थान, अन्जनाको प्रवेश)

अन्जना – किंन बोलाउनु भएको बुबा ?

बावा – आइज बस !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(बाबा र अन्जनाले हाउभाउद्वारा केही वार्तालाप गर्छन्, आवाज सुनिंदैन, केही बेरमा अंन्जना उठ्छे)

अन्जना – तर वुवा। म अहिले बिहे गर्न चाहन्न। फेरि त्यो मान्छे को हो, के हो नवुझिकन आफ्नो निर्णय दिन सक्दिन।

बाबा – म पनि मान्छे नै नहेरी त तँलाई कहाँ पठाउँछु र! बरु त्यो मान्छे आउँदैछ।

अन्जना – अहिले नै।

वावा – हो। उसैलाई लिन विवेक बाहिर गएको छ।

अन्जना – तर बुबा! ....

बाबा – तँ नआत्तिकन बस न। म कुरा गर्छु त्यससँग

(हाउभाऊद्वारा केही कुराकानी)

(विवेक र दिनेशको प्रवेश)

(केही औपचारिक कुराकानी, नमस्कारको आदान प्रदान)

वाबा – मैले बाबुलाई कताकता देखे जस्तो लाग्यो।

दिनेश – हैन बुबा! सायद तपाईंलाई भ्रम भयो होला। यो गाउँमा म पहिलो चोटी आएको हुं।

वावा – तर मैले तपाईंलाई यहाँ, यस गाउँमा नभई अन्तै कतै देखेको हुँ, तर कहाँ ? खै मैले राम्ररी सम्झन सकिन।

दिनेश – हुनसक्छ। म विभिन्न ठाउँ घुमिरहन्छु। जागिरको भ्रमणको क्रममा विभिन्न ठाउँमा घुमिरहन्छु।

वावा – वावुको नाम के भन्नु भो रे!

दिनेश – म दिनेश विक्रम पाण्डे।

वावा – *(झस्कँदै)* दिनेश विक्रम् पाण्डे रे! अँ अहँ यो हुन सक्दैन।

दिनेश – यो के भन्दै हुनुहुन्छ ?

वावा – हँ! तपाईं दिनेश विक्रम पाण्डे! अहँ यो हुन सक्दैन। यो हुन सक्दैन।

अन्जना – बुवा! यो यो के भयो तपाईंलाई। तपाईं उहाँलाई चिन्नु हुन्छ ?

वावा – हो नानी! म राम्ररी चिन्छु। *(दिनेशको नजिक गएर)* ल भन् तँ विक्रम पाण्डे होइनस् ?

अन्जना – विक्रम पाण्डे!

वाबा – हो। यो त्यही विक्रम पाण्डे हो। जो निर्दोस युवतीहरूलाई ललाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फकाई गरी विदेशमा बेच्ने गर्छ । यो एक नम्बरको केटी बेच्ने दलाल हो ।

अन्जना – विवेक ! के तिमीले पनि .... ।

बाबा – मलाई त पहिला नै शंका लागि सकेको थियो । विवेक तँ यतिसम्म नीच बन्छस् भन्ने मैले सोचेको पनि थिइनँ । तैले आफ्नै बहिनीलाई बेच्न खोजिस् हैन ! .... ?

विवेक – हो ! *(चिच्याउँदै)* हो मैले आफ्नै बहिनीलाई बेच्न खोजें । म पैसाको लागि जे गर्न पनि तयार छु । म पैसाको लागि आफ्नो जन्म दिने आमालाई पनि बेच्न सक्छु ।

मैले मात्र होइन यहाँ थुप्रैले आफ्ना छोरी चेली बेचेका छन् र महल ठड्याएका छन् । म पैसाको लागि आफूलाई पनि बेच्न सक्छु ।

बाबा – *(खोक्दै)* विवेक तँ तँ पापी होस् *(हर्ट अट्याक हुन्छ, लड्छ)* आऽऽऐथ्या .... विवेक तँ पापी होस् .... ।

अन्जना – बुवा ! बुवा ! के भयो तपाईंलाई ? *(बाबा बोल्दैन)* बुवा ! बुवा ! आँखा खोल्नोस् न बुवा ! विवेक हेर न बुवा बोल्नु हुन्न ।

विवेक – अब कहिल्यै बुवा बोल्नु हुन्न ।

अन्जना – हँ के भन्यौ । नाईऽऽऽ,
विवेक तँ पापी होस् तँ । राक्षस होस् ।

विवेक – म पापी । ल ठिक छ । तर तँ आज दिनेशँग जानुपर्छ ।

अन्जना – के भनिस् तैले । म यो कुकुरसँग जान्छु भन्ठान्याछस् । म मर्न सक्छु तर जाँदिन ।

विवेक – *(हात तानेर)* ल हिंड कसरी जाँदैनस् ।

अन्जना – *(हात फुत्काउँदै)* हात छोड पापी ।

विवेक – तैले दाइले भनेको मान्नै पर्छ ।

अन्जना – तँ मेरो दाइ होइनस् तँ त राक्षस होस्, पापी होस् । दाइले आफ्नी बहिनीलाई कहिल्यै बेच्दैन् । तँ पापी होस् ।

विवेक – ठीक छ, म दाइ होयन तेरो तर तँ जानै पर्छ ।
(विवेक अगाडि बढ्छ, अन्जना पछाडि सर्दै जान्छे)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(विवेकले अन्जनालाई समात्न खोज्छ, अन्जना हाल फुत्काए भाग्छे र खुकुरी निकाल्छे ।)

अन्जना – अगाडि नबढ फेरि, म मर्न सक्छु तर आफूलाई बेच्न सकिदन। खबरदार अगाडी नबढ ! अगाडी नबढ !!

विवेक – तैंले मलाई मार्न सक्दिनस् ।

अन्जना – हो मैले तँलाई मार्न सक्दिन, तर म आफैले आफूलाई त मार्न सक्छु नि !

(विवेक अगाडी बढ्छ । अन्जनाले आत्महत्या गर्छे । यो देखेर दिनेश भाग्छ । अन्जना मरेको दे खेर विवेक पागल झैं हुन्छ । विवेक पागल बन्छ ।)

विवेक – अन्जना ! अन्जना ! यो के गऱ्यौ तिमीले ? हे ईश्वर मबाट के भूल हुन भयो !

म पापी हुँ । हो म पापी हुँ । म यही समाजको एउटा कालो आकृति हुँ । अन्जना ! उठ बहिनी । अहँ अब अन्जना उठ्दिन ।

- *विवेक चिच्याउँछ, कराउँछ, अन्त्यमा बाबाको लाशमा सेतो कपडा – कात्रो ओढाउँछ ।*
- *अन्जनाको लाश बोकेर अग्लो ठाउँमा राख्छ ।*
- *बिस्तारै काला आकृतिहरू देखा पर्न थाल्छन् जसले मास्क लगाएका हुन्छन् ।*
- *विवेक तल भुइँमा आएर अन्जनाको लाशलाई ढोग्छ । ढोगी रहन्छ ।*
- *आकृतिहरू पनि लाशलाई ढोग्छन् ।*
- *नेपथ्यमा पुनः अनौठो धुन बज्न थाल्छ ।*
- *"शान्ति ! शान्ति !! शान्ति !!!"*

(यसरी एउटा कथाको अन्त्य हुन्छ)

(सांस्कृतिक संस्थानको आयोजना र प्रतिबिम्ब नाट्यसमूह पोखराको व्यवस्थापनमा २०५६ मार्गमा पश्चिमाञ्चल क्षेत्रीय नाटक प्रतियोगितामा गुञ्जन परिवारको तर्फबाट प्रस्तुत यस नाटकले उत्कृष्ट अभिनेत्री पुरस्कार प्राप्त गर्न सफल भएको थियो ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समालोचना

समसामयिक अभिव्यक्तिको स्वर खण्डहरू नयाँ नयाँ

✍शिव रेग्मी

अचेल नेपाली साहित्यमा समसामयिक स्वरका अभिव्यक्ति लाई 'गजल'को माध्यमद्वारा व्यक्त गर्ने नयाँ प्रचलन निकै विकसित हुँदै गइरहेको छ। 'गजल'प्रेमी-प्रेमिकावीच हुने प्रेमरसका शालीन वार्तालाप हो तापनि आज गजल लेख्नेहरूले यसलाई समसामयिक अभिव्यक्तिको माध्यमका रूपमा प्रयोग गर्ने गरेका छन्। गजलमा निराशा, कुण्ठा र असन्तुष्टिलाई व्यङ्ग्यका रूपमा प्रयोग गरेर प्रश्तुत गर्ने गरेको देखिन्छ। यस दृष्टिले हेर्दा गजलको अर्थलाई व्यापकता दिन खोजिएको पाइन्छ। तर यस्ता गजलहरूमा हुनुपर्ने लयात्मकता, गेयात्मकता र सरसताको भनें कमै गजलकारहरूका गजलमा मात्र पाइन्छ। यसैगरी अन्त्यानुप्रास गजलको अनुशासन हो भने सरल तथा सुन्दर शब्दहरू यसका प्राण हुन्, आभूषण हुन्। तर अहिले केही कविहरू गजलको नाममा जसोतसो तुक्का मिलाएर बनेका शब्दहरूका हारलाई पनि 'गजल' भन्न थालेका छन्। यो प्रवृत्ति पक्कै पनि राम्रो होइन, यो त गजलको नाममा "लत्पतिएको भद्दा गाजल" मात्र हो। अर्को शब्दमा भन्ने हो भने गजलको विकृत रूप मात्र हो। गजलमा गीत वा कवितामा जस्तो व्याख्या र विश्लेषण नभई सूक्ष्म संकेत र ईशारामात्र हुन्छ भन्ने कुरामा हेक्का राख्नुपर्छ। गीत गजल र कवितामा नजिकको साइनो भएपनि यी तीनै विधामा छुट्टाछुट्टै विशेषताहरू हुन्छन्। यिनै धारणाहरूलाई बुझेर विद्वान् जगदीश शम्शेर राणाले —"गजल कविताको गाजल हो। अलिकति भित्र आँखामा पऱ्यो भने पोल्न थाल्छ। डिलदेखि वाहिर परे लत्पतिएर रूप नै बिगार्दछ। औचित्यको यस्तो सूक्ष्म सन्तुलन गाजलमा भएजस्तै गजलमा पनि रहनुपर्छ।" भनेर भन्नु भएको हो। वास्तवमा गजल लेख्न चनाखो र सतर्क पनि हुनुपर्छ।

"खण्डहर नयाँ नयाँ" गजलकार ज्ञानुवाकर पौडेलको गजल-सङ्ग्रह हो, साझा प्रकाशनद्वारा प्रकाशनमा ल्याइएको २०४९ सालमा।

ज्ञानुवाकर पौड्याल समसामयिक स्वरलाई गजलको माध्यमदारा अभिव्यक्ति दिने पहिलो गजलकार हुन्। गजलकार मात्र होइनन् —सफल र सशक्त गजलकार पनि हुन्। त्यसैले होला कसै कसैले उनलाई आधुनिक मोतीराम भट्ट भन्ने गरेको पनि। उनका गजलहरूले बोकेका समसामयिक विद्रोह, कुण्ठा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकृति र असन्तोषका स्वर आजको युगको उपज हो। शहर, जनसंख्याका चाप र प्राकृतिक वातावरणको विनासले ग्रस्त छ भने मानिस यहाँको धूलो, धुवाँ र ध्वनिमा निसास्सिएर प्रदूषित हावा फोक्सोभिर हुलेर बाँच्न विवश छन्। :

"थाप्लामा छ जंगल मेरो हत्केलामा नदी
उर्लेर आए बाढी यी आँखाका लहर नयाँ नयाँ"
॥२॥
"खडेरी छ मानवताको सर्वत्र विश्वासको संकट छ
स्वार्थ र जालझेलको बढेमान मचान देखें।"

समसामयिक विषयका यी माथिका उद्धरणहरूले उनको अर्थात् ज्ञानुवाकर पौडेलको चेतनबोधलाई तिखारेको देखिन्छ। सटीक र व्यङ्ग्यको आवरण ओढेका यी पंक्तिहरू ज्यादै स्वादिला लाग्छन्। यसैगरी गजलकार ज्ञानुकोआजको मान्छेको प्रवृत्ति र छुद्रपनको अर्को एउटा उदाहरण :

"फोहर भो नाहकमा हिलो छ्याप्नु भो तपाईंले
खुट्टा तान्ने प्रवृत्ति कस्तो यो बसाल्नु भो तपाईंले ?"

गजल सुन्दा श्रोताको मनमा भिज्न र मुटुमा बिभ्न सक्ने खूबी ज्ञानुवाकरका विशेषता हुन्। विविध सान्दर्भिक विषयवस्तुका गजलहरूले गर्दा उनका गजलमा विभिन्न स्वादहरू चाख्न पाइन्छन्।

"निर्लज्ज पाहुना भै आउँछन् यी अभाव र कष्टहरू हामी निर्धको घरमा थोत्रो सिरक र डसनाको फेर्नुपर्ने कपास भो यो जिन्दगी।".

आजको मान्छेको अवस्थाको सजीव चित्र उतारेका छन् –गजलकारले यहाँ। नेपाली साहित्यमा नेपालीपन नेपाली धुकधुकी रहनुपर्छ र यस्तो किसिमको आशा गर्न सकिन्छ।

"काँडा बनेर आज पाइतालामा बिझ्यो यो देश,
आँसु बनेर आज परेलीमा रुझ्यो यो देश।
किन ब्यूँझन्न यो देश, कति निदाउँछ यो देश
आतङ्क बनेर आज मनमा बिझ्यो यो देश।
कसले के गरे यो देशलाई कसले बर्बाद तुल्याए ?
छलकपट र तालझेल मै अल्झ्यो यो देश।

ज्ञानुका समसामयिकताका स्वरहरू यसरी उर्ले देखिन्छन्।

"आत्म-संघर्षको पीडालाई अभिव्यक्त गर्ने अथवा समाजबाट प्राप्त यी अनपेक्षित पीडाहरू समाजमै संप्रेषित गर्न मलाई यो विधा सजिलो लाग्नु बाहेक, समसामयिक गजललाई एउटा स्थायी विधाको रूपमा विकसित गर्ने एउटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनम्र प्रयास मात्र थियो मेरो । अतएव, मेरो अनुभव र तनावका जीवन्त साक्षी मेरो यस संग्रहलाई उपलब्धिको रूपमा होइन, केवल आरम्भको रूपमा हेरियोस् भन्दै आफ्नो सहृदयी पाठकसित मेरो विनम्र आग्रह गर्छु ।" भन्ने गजलकार ज्ञानुवाकर पौडेल–

"अरूका पारख गर्नेहरू अरू क्वै होलान्
मेरा पारखी त मेरा पाठक नै हुन् ।"

भन्दछन् ।

"गजलको अर्थ प्रेयसीसितको सुमधुर वार्तालाप हो" भन्ने ज्ञानुवाकर पौडेलका केही गजलका पंक्तिहरूमा यिनै भावनाहरू सुन्दर रूपमा मुखरित भएका देखिन्छन् ।

"आफू पत्थरमा अनुवाद भैसकें पो र नत्र ।
तिम्रो मंन भाँच्ने मेरो कुनै रहर थिएन ॥

मलाई निष्ठूर पनि कसरी ठान्न सक्छ्यौ र खोई,
कुनै भंविष्य थिएन प्रिये, मेरो कुनै घर थिएन ।

निभे आसका दीप मेरा चाँदनी तिमी कहाँ छ्यौ ?
बन्द थिएन द्वार यो मनको झ्याल खुलै राख्या छु ।"
ठट्टै ठट्टामा अर्कीसँग हृदय साटिएछ फर्काइदिउँ कि ?
छातीभित्र पुरानोचोट आलो छ अझै बडेमान छ, कसरी बाँच्नु ॥

पिरतिको आकर्षण सल्काई गइथ्यौ प्रिये कहाँ छौ ?
तिम्रो वियोगले सारा शरीर यो झझती पोलिरहेछ ।"

गजल गेयात्मक र लयात्मक हुनुपर्छ भन्ने तथ्य सर्वमान्य सिद्धान्त हो । यस दृष्टिले हेर्दा ज्ञानुवाकर पौडेलका गजलहरूमा गेयात्मकता र लयात्मकता अलि कमजोर नै छन् । यसका साथै गजल नेपाली साहित्यको अभिन्न अङ्ग भैसकेको कारणले यसमा विदेशी शब्दहरूलाई प्रयोग गरिरहनु कुनै तुक छैन । झर्रा नेपाली शब्दमा गजल लेख्ने प्रयासमा लागेमा अवश्य पनि नेपाली गजलको भविष्य उज्जल छ । मित्र ज्ञानुवाकर पौडेललाई पनि यिनै सल्लाह दिदै उनको भविष्य उज्ज्वलताको कामना गर्दछु ।–

७ भदौ, २०५६
काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समालोचना

भिक्षुको मैयाँसाहेब

✍नवराज कट्टेल
उप.प्राध्यापक

१. विषय प्रवेश

कथाकार भवानी भिक्षु (१९६६/२/२१–२०३८/१/४) नेपाली साहित्यका अनन्यतम प्रतिभा हुन्, उज्वल नक्षत्र र विशिष्ट व्यक्तित्व हुन्। लुम्बिनी अञ्चल, तौलिहवामा जन्मिएका भिक्षुले सुरुमा हिन्दीमा कलम चलाएका थिए भने पछि सिद्धिचरण श्रेष्ठवाट नेपालीमा कलम चलाउने प्रेरणा पाएका हुन्। भिक्षुले कथा, कविता र उपन्यास विधामा आफ्नो सशक्त कलम चलाएका छन्, विशिस्ट प्रतिभा लगाएका छन्। उनका हालसम्म चारवटा कथासंग्रहहरू प्रकाशित भएको पाइन्छ। ती हुन् –(१) गुनकेशरी (२०१०), (२) मैयाँसाहेब (२०१७), (३) आवर्त (२०२४) र (४) अवान्तर)२०३४)। त्यस्तै उनका तीनवटा कवितासंग्रह प्रकाशित छन्। ती हुन् –(१) छाया (२०१७), (२) प्रकाश (२०१७) र (३) परिष्कार (२०१७)। भिक्षुका उपन्यास पनि उत्तिकै सशक्त छन्। उनका ४ वटा उपन्यास प्रकाशित छन् – (१) सुभद्रा बज्यै (२०१९), (२) आगन्न (२०३३) (३) पाइप नं. २. (२०३४), (४) सुन्तली (२०४०)। राजकीय प्रज्ञा प्रतिष्ठानमा सदस्य समेत वन्नु भएका भिक्षुलाई २०३२ सालको मदन पुरस्कार र साझा पुरस्कार प्राप्त भएको थियो भने २०३६ सालमा त्रिभुवन प्रज्ञा पुरस्कारद्वारा सम्मानित गरिएको थियो।

२. कथा-प्रवृत्ति

भिक्षुका मूल साहित्यिक प्रवृत्तिमा मनोविज्ञान पर्दछ। त्यस्तै छायावादी कवि, मनोवैज्ञानिक कथाकार र आदर्शोन्मुख उपन्यासकारका रूपमा भिक्षु चिनिन्छन्। भिक्षुले १९९५ सालदेखि कथा लेख्न शुरू गरेका हुन्। बी.पी. कोइरालाले प्रारम्भ गरेको मनोवैज्ञानिक-धारालाई भिक्षुले शिष्ट र शालीन रूपमा अगाडि बढाएको देखिन्छ। भिक्षुको मनोविज्ञानमा छायावादी प्रवृत्तिको प्रभाव रहेको पाइन्छ। उनी भावुक स्थितिको सृजना गर्न लालयित देखिन्छन् र यही कारणले गर्दा उनका पात्रहरू यथार्थभन्दा भावलोकतिर बढी उन्मुख भएका हुन्छन्। भिक्षु सामाजिक संस्कार, मर्यादा र प्रतिष्ठाबाट ग्रसित मानव र तद्जन्य पीडाबाट पीडित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानव-मनको ग्रन्थी केलाउन उद्यत छन् । यौन-ग्रन्थीबाट पीडित मनोदशाको चित्रण र विश्लेषणमा अत्यन्त शालीनता, शिष्टता र सूक्ष्मता रहेको पाइन्छ । भिक्षुका पात्रहरू सम्भ्रान्त सभ्यता र संस्कृतिका पोषक देखिन्छन् । साहित्य र सङ्गीतप्रति अनुराग राख्ने प्रतिहरूलाई महत्त्व दिएको पाइन्छ । कथाकार भिक्षुले यौनलाई सामान्य रूपमा हेर्नुको सट्टा उच्च, गरिमामय, मानवीय मूल्यका रूपमा हेरेका छन् । यौनमनोग्रन्थीको चित्रणमा कहीं हतार गर्दैनन्, उत्ताउलोपनको अभिव्यक्ति दिँदैनन् बरू शालीन शिष्ट र ध्वन्यात्मक रूपमा यौनभावको अभिव्यक्ति दिन्छन् । त्यस्तै भिक्षुका कथामा यौन र प्रेमको परिमार्जित समन्वय गरिएको पाइन्छ। उनी यौनलाई शारीरिक भोग विलासको सीमाभित्र राख्तैनन्, गरिमामय मानवीय मूल प्रवृत्तिको रूपमा हेर्दछन्, ऐन्द्रियिक संयमता देखाउँदछन् । यौनका अनेक विकृति तथा समस्यामा कथाकारको कत्तिपनि रूचि रहेको पाइँदैन । यौनको शिष्ट, मर्यादित रूपमा यिनको ठूलो अभिरूचि रहेको पाइन्छ । 'लगाव-प्रेम'लाई नै भिक्षुले मुख्य रूपमा आफ्नो कथाको विषयवस्तु बनाएका छन्, काम लिप्सा र वासना-वृत्तिको पोषणलाई होइन । 'लगाव-प्रेम' को शाश्वत मूल्य र महत्त्वमा कथाकारको दृढ आस्था रहेको देखिन्छ । भिक्षुका पात्रहरू आफ्नो जीवनको अस्तित्व रक्षाको लागि यही 'प्रेम तत्त्व' प्राप्त गर्न उद्यत हुन्छन् र त्यस मार्गमा अवरोध आइपरे संघर्ष पनि गर्दछन् । खास गरीकन भिक्षुले नारी जातिको प्रणय-अनुरागलाई अत्यन्त भित्र छिरेर सूक्ष्म रूपमा शालीन अभिव्यक्ति दिएका छन् ।

भिक्षुका कथाको मूल आधार र वर्ण्य विषय सामाजिक पृष्ठभूमिमा मनोविज्ञान नै हो । अतः पात्रको मानसिक जीवनको सूक्ष्म उद्‌घाटनमा कथाकार को ध्यान गएको देखिन्छ । उनको कथामा मनका विभिन्न घात संघातलाई विभिन्न परिस्थितिसँग सम्बद्ध गरेर देखाइएको पाइन्छ । भिक्षु मानिसका हृदयको गहनतम र सूक्ष्म अध्ययनमा बढी चाख राख्दछन् । अतः मानिसका आत्मीय भाव, उदारता, प्रेम-निष्ठा र उदात्त विचारलाई कथामा टङ्कन गरिएको पाइन्छ । पात्रका गुणदोषको भन्दा आन्तरिक चरित्र चित्रणमा भिक्षु जोड दिन चाहन्छन् । चेतन-अचेतनका बीचको चेतन-अचेतन जीवनका बीच संगतिको खोजी र उद्‌घाटनमा समेत भिक्षुको झुकाव रहेको देखिन्छ । भिक्षुले दुर्वल, विवश र फितला स्वभाव भएका नारी पात्रको प्रस्तुति गरेका छन् । प्रेमप्रति झुकाव छ, प्राप्तिमा संघर्ष छैन । बरू सन्तुलन छ बाह्य यथार्थ र आन्तरिक चाहनाका बीच । झीनो कथावस्तु भित्रै उनी मनोविज्ञान र बाह्य-आन्तरिक चरित्रको चित्राङ्कनमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोड दिन चाहन्छन् । नेपालका विभिन्न परिवेश र विभिन्न ठाउँका समाजको चित्र विभिन्न कथामा प्रतिबिम्वित छन् । विघटनोन्मुख राणा सभ्यताको चित्रण पनि छ । उनीहरूको खस्कँदो आर्थिक, सामाजिक दुरवस्थालाई कथाकारले वाणी दिएका छन् । ००७ साल अघि र क्रान्ति पछिको नेपाली समाजको चित्रण उनका कथामा पाउन सकिन्छ ।

भिक्षु एक कुशल कथा-शिल्पी हुन् । रूप-विन्यासमा भिक्षुले आफ्नो निजत्व र व्यक्तित्वको छाप छोडेका छन् । घटनाको प्रधानता र कथा-वस्तुको विस्तारता यिनको कथाको आधार र वैशिष्ट्य होइन । तत्सम शब्दको बाहुल्य, जटिल वाक्य विन्यास, ठाउँ-ठाउँमा कवितात्मक गद्यको अनुस्युति, भावुक एवं दार्शनिक शैलीका सूक्तिको प्रयोग यिनको भाषिक एवं शैल्पिक वैशिष्ट्य हो । अन्तमा भिक्षु विशिस्ट शिल्प-सन्धानद्वारा मनस्तात्त्विक अन्तर्मन्थन र निरूपणका सशक्त कथाकार हुन् भन्ने निस्कर्ष निकाल्न सकिन्छ ।

३. मैयाँसाहेब

प्रस्तुत विवेच्य कथा २०१३ सालमा लेखिएको हो । अत: ००७ सालको क्रान्तिपूर्व र पछिको नेपाली समाज र विघटनोन्मुख राणापरिवारको पृष्ठभूमिमा मनोविज्ञानको सूक्ष्म चित्रण नै कथाको मुख्य वर्ण्य विषय रहन गएको छ । अल्प पात्र र अल्पघटनाको माध्यमबाट नायक अजय र मैयाँसाहेबको मनस्तत्त्वको निरूपण गरिएको यस कथामा अभौतिक प्रेमलाई उच्च प्राथमिकताका साथ महत्त्व दिएको पाइन्छ । अजय र मैयाँबाहेक, नोकर्नी, सागरिका, (मैयाकी दिदी) अजयको बाबु, मैयाको प्रौढपति, अजयकै श्रीमती अन्य पात्रका रूपमा आएका छन् । अजय, मैया, नोकर्नी, सागरिका अजयकी श्रीमती भञ्चीय पात्र हुन् भने अजय, मैया र अजयकी श्रीमती बद्धपात्र हुन् । अन्य मुक्त पात्र हुन् । अजय र मैयाँले निम्न उच्चवर्गको साथै तज्जन्य मानसिकताको समेत प्रतिनिधित्व गरेको देखिन्छ ।

१५ पेजमा फैलिएको कथाको आयतनलाई लामै भन्नुपर्दछ तापनि कथाकारले बहु-पात्रको प्रयोग गरेका छैनन् । अजय र मैयाँ नै केन्द्रीय र प्रमुख पात्र हुन् । पात्रको चरित्र निर्माणमा ५-७ वर्ष लगेको देखिन्छ । कथाले वरण गरेको भूगोल अत्यन्त सीमित छ, काठमाडौं मात्रै र त्यो पनि सीमित ठाउँ मात्रै मूलत दरबार र एकाध पटक वज्रयोगिनी र सिनेमा घरको उल्लेख भएको पाइन्छ । २००७ साल पूर्वको र ००७ सालको क्रान्ति पछिको समयावधिलाई कथाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यावृत्त गरेको छ, दुवै परिवेश र मानसिकताको चित्रण सूक्ष्म रूपमा पाइन्छ। ००७ साल केन्द्रविन्दु अथवा मध्यविन्दु रहेको बुझिन्छ। मैयाको परिवारको वर्णनवाट कथा प्रारम्भ भएर अजय र मैयाको भेटघाट, हार्दिक-प्रेमको अभिवृद्धि, अजयको विवाह, मैयाको प्रौढपतिसँग विवाह, विघटनोन्मुख राणा एवं मैयाको परिवार, मैयाले काठमाडौं छोड्नुपर्ने आर्थिक परिस्थिति, अन्तिममा अजय र मैयाको भेट र मैयाले अजयलाई हीराको औंठी लगाइदिएको घटनासम्म पुगेर कथाले विश्रान्ति लिएको छ।

वाल-वयदेखि नै अजय र मैयाँ एक-आपसमा परिचित र वाल-सुलभ आकर्षण परस्पर रहेपनि १५ वर्षको उमेरमा साइकल चढ्न सिकिरहेकी मैयाँ साइकलवाट लड्न खोज्छिन्, त्यसबेला अजयले लड्नवाट जोगाएर अनायास चुम्बन गरी दिन्छ, यो घटना नैं परस्परको यौन-भाव अभिव्यक्तिको बीज हो। यी दुईका बीच परस्पर प्रेम-भाव र आकर्षण रहे तापनि आर्थिक, सामाजिक र संस्कारगत कारणले समेत गर्दा 'प्रेम-भाव' वाहिर प्रकट हुन सक्तैनथ्यो। अचेतनमा, प्रेम-भाव रहे तापनि सचेतनमा प्रेमको परिपाक मिलनमा टुङ्गिन सकतैन भन्ने वोध दुवैमा थियो र सामाजिक संस्कारले दुवैलाई डसिरहेकै थियो।

एकदिन दरवारमा भरेङ्गमा अजय र मैयाको जम्काभेट भएको छ र अजय मैयाँको 'नारीत्व' र नारी-सौन्दर्य-सुगन्धवाट विमुग्ध भएको छ, अत्यन्तै लोभिएर च्यूडो समातेर सौन्दर्य-पान गरेको छ। एकदिन दरवारका सवै सदस्यहरू वज्रयोगिनी गएका वेला अजय र मैया मात्र दरवारमा भेट हुन्छन्, परस्पर वार्तालाप र प्रेम-भाव प्रकट गर्दछन्, तापनि मैयाँमा अहंवोध र उच्च कुलीनताको संस्कारवोध छ भन्ने भाव झल्किन्छ। मैयाले अजयलाई दरवारी काइदा-वोल्ने हिड्ने व्यवहार गर्ने– नजान्ने भनेर टिप्पणी गरेकी छ। मैयाँले अजयलाई आदर्श प्रेमीका रूपमा हेरेकी छ र अभौतिक प्रेमको आलम्बनको वस्तुका रूपमा मनको भित्री कुनामा सुरक्षित राखेकी छ। मैयाँको अभिव्यक्तिवाट यसलाई पुष्टि गर्न सकिन्छ –"*म केवल मायामात्र गर्न चाहन्छु, मैले प्यारमात्रैको परिचय सँगालेकी छु। तिमीलाई हेरेर प्रसन्न हुन चाहन्छु, नजीकै वसालेर आनन्दित हुन चाहन्छु, कुरा गरेर सुख पाउन चाहन्छु र तिमीलाई लगातार सोचिरहेर आत्मालाई 'तृप्त' पार्न चाहन्छु अझ तिमीलाई पनि कुनै उपहारवस्तु सँगालिराखेर र सकेसम्म तिम्रो प्रत्यक्ष अप्रत्यक्ष आदर गरेर अर्थात् प्यारको निमित्त गर्नुपर्ने प्रत्येक उपकरण र व्यवहार सम्पन्न गरेर तिमीलाई प्यार मात्र गर्न चाहन्छु, यो मेरो नैतान्तिक लोभ हो।*" मैयाँले अजयलाई आफैं चिया वनाएर ख्वाएकी छ र तृप्तिवोध गरेकी छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिवारिक निर्णय अनुसार अजयको विवाह विधिसम्मत ढङ्गमा सम्पन्न भएको छ । आफ्नी दुलहीलाई दरवारमा महारानीको दर्शन गराउन लग्यो र मैयाँसाहेवको कोठामा पनि आफ्नी श्रीमतीलाई लग्यो । मैयाँ प्रसन्न बनिन् र आफ्नै पलङ्गमा बसालिन् र भनिन् *"उसलाई राम्ररी स्याहारेर सेवा-सुसार गरीराख्नुपर्छ' म तिम्री दुलहीलाई झन् माया गर्नेछु, तिमीलाई म अत्यन्त माया गर्छु भने तिम्री दुलहीलाई लिएर त्यो झन् दोब्बर भएर जानेछ ।"* मैयाँले आफ्नो वाकसमा राखेको राम्रो साडी झिकेर दुलहीलाई दिइन् र आफैंले बुट्टा भरेको अत्यन्त राम्रो टेवुलपोस पनि दिइन् र *'यसैमा चिया खुवाउनु'* समेत भनेकी छन् । यसवाट मैयाँले सारी र टेवुलपोसका माध्यमवाट दुलहीमा आत्म-प्रक्षेपण गरेकी छ, त्यसैका माध्यमवाट तृप्तिवोध गरेकी छ । मैयाँलाई बोध छ, र भनेकी छ *'तिमी मेरो प्राप्य होइनौ'* तर पनि 'माया गरी नैरहने छु ।' मैयाको अभौतिक आदर्श-प्रेम देखेर अजयमा पनि विभिन्न भाव चढेको छ र अन्त्यमा *'प्यार महान् हो, स्वाद त्यसको उच्छिष्ट ।'* भन्ने निष्कर्षमा पुग्दछ । मैयाँका विभिन्न ठाउँका अभिव्यक्तिको विश्लेषण गर्दा मैयाले अजयकाप्रति उच्चकोटिको हार्दिक प्रेम गरेकी छ, निश्छल, नि:स्वार्थ प्रेम ।

अजयले पछि राजनीतिमा पनि भाग लियो जेल पऱ्यो र क्रान्ति भई प्रजातन्त्र पनि आयो । ००७ साल पछि मैयाँ पनि जन सम्पर्कमा आउन थालेकी छ र ००७ साल पूर्व अमिल्दा वर्ग अहिले एक आपसमा वार्तासम्म गर्न सक्ने भएका छन् । मैयाँको विवाह भयो, प्रौढपतिसँग । राणा परिवारमा आर्थिक संकट आउन थाल्यो । राणा सभ्यताको विघटनोन्मुखता यहाँ चित्रित छ । 'माधुरीनानी, 'माउजङ्ग साहेवको कोट' आदिमा पनि राणा सभ्यताको विघटनोन्मुखता चित्रित छ । ती कथासँग पनि यसको कथ्यवस्तु तुल्य छ ।

मैयाँ साहेवहरूले जाने बेलामा गरेको वार्ताले अजय र मैयाँका अन्तर्मनको उद्घाटन गरेको छ । बूढो पतिसँग विहे गरेर अजयलाई अवज्ञा गरेको जस्तो अनुभव हुन्छ । मैयाँले बूढो पतिलाई पनि स्वीकारे तापनि अंजयलाई युवक पतिका रूपमा अचेतनमा स्वीकारेकी छ । अजयले आफूलाई प्राप्त गर्न कुनै संघर्ष र प्रयास नगरेकोमा गुनासो पोखेकी छ । अजयको प्रश्नको सन्दर्भमा मैयाँले *"हरे त्यसो भए मलाई किन पाएनौ, किन प्राप्त गरेनौ ? पुरुष भएर पनि त्यति कायरता अँगाली प्रेमको दावा गर्ने अपदार्थ, मलाई किन छोड्यौ, अधिकार पूर्वक बल गरेर किन खोसी लिएनौ ?"* भनेकी छ । यसवाट अजयमा संघर्षशीलता छैन भन्ने देखिन्छ । अझै अजयलाई मर्माहत हुने गरी मैयाँले भनेकी छ । *"प्रेम*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेका थियौं तर साहस नभएर त्यो प्रेम भएन ।" अजयको कायर पुरुषलाई व्युँझाउन, साहसी बनाउन अनेक व्यङ्ग्यद्वारा मैयाँले प्रयास गरेकी थिई भन्ने कुरा मैयाँले नै अजयसामु स्पष्ट परेकी छ ।

यी दुई प्रेमी-प्रेमिकाको मिलन हुन नसक्नुमा सामाजिक कारण बाधक देखिन्छ, संस्कार, कुलीनता, परम्परा पनि बाधक देखिन्छन् । राजनीतिक र सामाजिक परिवर्तन भए पनि संस्कारमा परिवर्तन आउन सकेको छैन, त्यसैले यो पनि मिलनमा बाधक बनेर रहेको प्रतीत हुन्छ । समाजमा अजयजस्ता अनन्त अजय र मैयाँजस्ती अनन्त मैयाँ रहेका छन् । तिनका बीचको प्रेमले मिलनको अवस्था प्राप्त गर्न नसक्नुमा समाज र समाजमा रहेको संस्कारबोध नै कारक तत्त्वका रूपमा रहेको अनुभव हुन्छ ।

मानवीय मूल्यमा आएको परिवर्तन मैयाँले अजयलाई बिदाइ गर्न आएको वेला कहीं नभन्नुबाट स्पष्ट हुन्छ । संस्कारगत मूल्यले गर्दा बूढो पतिलाई स्वीकारेकी छ, तर अचेतनमा अजयलाई भित्र कताकता मनको कुनामा सुरक्षित राखेकी छ । मैयाँका लागि अजय एउटा कहिल्यै नमेटिने प्यास र अप्राप्य सपना भएको छ । संस्मरणमा मीठो छ, आल्हादक छ, रञ्जक छ, तर यथार्थमा 'शून्य' छ । मैयाँको अचेतनको यथार्थतामा सँगालिएको छ अजय, दुबैको सत्याभासको प्रतिविम्व अचेतनमै अवशिष्ट छ ।

आर्थिक दृष्टिले माथिल्लो वर्ग, सम्भ्रान्त राणा परिवार गिरेको छ तर संस्कारगत दृष्टिले माथिल्लो वर्ग, सम्भ्रान्तता गिरेको छैन । ००७ साल पश्चात् मैयाँ साहेब र अजयले विवाह गर्ने प्रस्ताव नराख्नु संस्कारगत कारण नै हो भन्ने देखिन्छ । आर्थिक दृष्टिले राणाहरूको आर्थिक सम्भ्रान्तता नष्ट भ्रष्ट हुँदै राणा सभ्यता नै विघटोन्मुख भएको छ। आर्थिक संकटबाट अभाव-ग्रस्त भएर काठमाडौं छोडेर बाहिर जानुपर्ने परिस्थिति सृजना भइरहेको छ, तर पनि अजय मैयाँकाँ गइरहन्छ, पूर्ववत् समादर भाव चढाइरहन्छ। संस्कारगत उच्चताबोध मैयाँमा छ र अजयलाई उपहार प्रदान गर्नुले त्यसलाई संकेत गर्दछ ।

परिवर्तनको प्रतीक्षा र चाहना मैयाँमा छैन, तर परिवर्तन प्रतीक्षाको वीज अजयमा पाउन सकिन्छ, तर त्यो निश्छल र निर्भिक रूपमा बाहिर आउन सकेको छैन । अजयले मैयाँले दिएको हीराको औंठी स्वीकार्नुले अचेतनमा मैयाँलाई स्वीकारेको छ भन्ने प्रतीत हुन्छ । वर्गीय उच्चता, आभिजात्य-बोधका कारण मैयाँले पहिले नै औंठी लगाइदिन सकिनन् भन्ने पनि बुझिन्छ । औंठी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयंमा 'प्रतीक' पनि हो। आफ्नो मनमा साँचेर राखेको ऐकान्तिक प्रेम-प्रक्षेप गरेकी छ मैयाँले। हीराको मूल्यवान् औंठीले मूल्यवान् प्रेमभावलाई संकेत गरेको छ। मूल्यवान् प्रेमभावको समर्पण भावलाई पनि संद्योतित गरिएको छ। नारीहरू समर्पिता हुन्छन्, मूल्यवान्-प्रेम, मूल्यवान् वस्तु आफ्नो प्रेम-आलम्वन व्यक्तिमा समर्पण गर्न चाहन्छन् र समर्पित हुन चाहन्छन्, हीराको औंठी अजयलाई लगाइदिनु यसैको अभिव्यक्ति हो।

आन्तरिक द्वन्द्व अजयमा भन्दा मैयाँमा बढी पाइन्छ। मैयाँका अभिव्यक्तिलाई केलाउँदा मैयाँमा निहित अन्तर्द्वन्द्वको बोध गर्न सकिन्छ। एउटै पात्रभित्रको (मैयाँमा) दुई द्वन्द्वको चित्रण हो यो, अर्को एउटै संस्कारगत पात्रका बीचको द्वन्द्व पनि हो यो। मैयाँमा संस्कारगत उच्चता बोध पनि छ र अजयप्रतिको एषणा पनि छ, यी दुई मनोग्रन्थीका बीचको द्वन्द्वमा मैयाँ कुलीन संस्कार बोधले बाह्य रूपमा आफूलाई आवृत्त गरेर शालीन र शिष्ट देखिएकी छ। उसको अचेतनको बृहत् समुद्रमा त अजयले नै छलाङ मरिरहेको छ। मैयाँ अन्तर्मुखी र चिन्तनशील शालीन र शिष्ट पात्र हो, तर अजय बहिर्मुखी पात्र भएकाले त्यति चिन्तनशील देखिँदैन। मैयाँको मनमा अचेतनमा पालिएको अजयप्रतिको संस्मरण वा स्थापना छ भने अर्को तर्फ चेतनमा बूढो पतिप्रतिको स्मरण वा स्थापना छ। अचेतनमा अजयलाई भित्र्याउनुले अचेतनमै बूढो पतिप्रति घृणा पनि लुकेको छ भन्ने कुरा संकेतित हुन्छ। यसरी दुई द्वन्द्वमा रहेकी मैयाँको अन्तर्मनको उद्‌घाटन त्यतिबेला हुन्छ जतिबेला मैयाँ अजयलाई हीराको मूल्यवान् औंठी लगाई पाणी ग्रहण गर्दछिन्।

४. अन्त्यमा

यसरी प्रस्तुत विवेच्य कथामा ००७ साल पूर्व र ००७ साल पछिका सामाजिक पृष्ठभूमि र विघटोन्मुख राणा सभ्यताको कथ्यमा यौनमनोविज्ञानको शालीन र शिष्ट चित्रण एवं विश्लेषण गरिएको छ। परिष्कृत परिमार्जित संस्कृत-बहुल शब्दावलीयुक्त भाषा र शालीन शैलीको प्रयोग गर्दै अशारीरिक, अभौतिक प्रेमको उच्चतालाई प्रदर्शित गरी *'प्यार महान् हो, स्वाद त्यसको उच्छिष्ट'* भन्ने गम्भीर विचार प्रस्तुत गरिएको यो कथा उच्चकोटिको कथाको रूपमा मूल्याङ्कित हुन सक्तछ।

❁

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५१ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ-उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

नरेन्द्र राइस मिल

कुडहर, पोखरा

फोन नं. ०६१-३०३१९

५१ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ-उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

प्रो. विनोद शेरचन

फेवा पाउरोटी उद्योग

पो. औ. क्षेत्र, कुडहर पोखरा

फोन नं. ०६१-३०३६८

५१ औं राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ-उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

प्रो. एकबहादुर कार्की

लेखनाथ सप्लायर्स

लेखनाथ नगरपालिका–१, अर्घौंचोक, कास्की

उचि मूल्यमा भरपर्दो गुणस्तरिय हार्डवेयर्स सामग्रीको लागि सधैं सम्झनुहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जि.प्र.का.काठ. /१७ ०५४/०५५

५१ औं

राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ-उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्जरी फेशन इण्डष्ट्रिज प्रा.लि.परिवार

सिनामंगल, काठमाडौं

इगल फेशन इण्डष्ट्रिज प्रा. लि.परिवार

बानेश्वर, काठमाडौं

धौलीसती गार्मेण्टस् उद्योग परिवार

सीतापाइला, काठमाडौं

फर्मा एण्ड फर्मासिटिकल्स्

मैतिदेवि, काठमाडौं

फोन नं.: ४१९५८९

Jayatu Sanskritam, Kathmandu, Nepal